ग्लोबल एनआरएन पत्र

NRNA Non-Resident Nepali Association

VOL-1 / 23-25

# जवाफदेहिता र पारदर्शीता पहिलो प्राथमिकता



सर्वप्रथम गैरआवासीय नेपाली विश्व सम्मेलन तथा ११ औँ महाधिवेशनलाई सफलतापूर्वक सम्पन्न गरी अध्यक्षको रूपमा चुन्नु भएकोमा तपाई सम्पूर्ण गैरआवासीय नेपालीहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु । तपाईहरूले गर्नुभएको विश्वासप्रति आभारप्रकट गर्दै २०२३-२०२५ कार्यकाल पनि इमानदारितापूर्वक निष्पक्ष, पारदर्शी रही पूरा गर्ने प्रतिबद्धता व्यक्त गर्दछु । आगामी दिनमा पनि यही विश्वास, साथ र समर्थनलाई कायम राख्दै अघि बढ्ने र मलाई अध्यक्षको रूपमा तपाईहरूले दिनुभएको जिम्मेवारीलाई निष्ठापूर्वक ग्रहण गरी जवाफदेहिताका साथ अघि बढ्नेछौँ ।

गैरआवासीय नेपाली संघले विभिन्न पेशा र उद्यमशीलतामा संलग्न भई विदेशमा रहेका नेपालीहरूबीच एकता, सद्भाव र पारस्परिक सहयोगको प्रवर्द्धनगर्दै उनीहरूको सीप, प्रविधि र उद्यमशीलतालाई नेपाल र हाम्रा समुदायको विकासका लागि प्रयोग र परिचालन गर्दै आएको छ ।

गैरआवासीय नेपाली संघले विदेशमा रहेका नेपाली भाषा, संस्कृति, परम्परा, कलाकृति र साहित्यको प्रवर्द्धन गरी नेपालको मौलिक संस्कृति र सद्भावलाई विश्वमा पुऱ्याउन सहयोग गरेको छ र गरिरहने छ । पूँजी लगानी, प्रविधिको प्रवर्द्धन र विदेशमा आर्जन गरेको व्यवसायिक ज्ञान, सीप र क्षमताले मुलुकको समृद्धिमा टेवा भईरहेको छ । २०७२ सालको महाभूकम्प होस् वा देशमा विभिन्न समयमा प्राकृतिक प्रकोपका घटनामा संघले आर्थिक र मानवीय सहायता पुऱ्याउदै छ ।

गैरआवासीय नेपालीहरुले निरन्तर उठाउँदै आएका नागरिकतासम्बन्धी मुद्दा सम्बोधन भई गैरआवासीय नेपाली नागरिकता वितरण सुरू भइसकेको छ । यस सम्बन्धि अन्य विषय पनि अब स्वीकृत हुने कुरामा केन्द्रित छन्, जसले नेपालीहरूको आवतजावतमा सहजता ल्याउने, उनीहरूको सम्पत्तिको संरक्षण गर्न र उनीहरूलाई नेपालसँगको सामाजिक-सांस्कृतिक सम्बन्धलाई निरन्तरता दिन मद्दत गर्नेछ। यसका लागि सबै मिलेर काम गर्न जरूरी छ । हाल गैरआवासीय नेपाली संघले विदेशमा रोजगारीमा रहेका नेपालीको भविष्यका लागि नागरिकता, मतदानको अधिकार र सामाजिक सुरक्षा कोषको कार्यान्वयन लगायत विभिन्न विषयमा छलफल र काम गरिरहेको छ ।

'**नेपालीका लागि नेपाली**' भन्ने हाम्रो संघको मुल मन्त्रलाई अंगीकार गर्दै हामी नेपाल र नेपालीका लागि अहोरात्र खटीरहेका छौँ । खटीरहनेछौँ । देश आमा हुन्, अनि नेपाल आमाका सन्तान अर्थात हाम्रा नेपाली दाजुभाई दिदीबहिनीको सेवा गर्नु भनेको आमालाई खुशी बनाउनु अनि आमाकै सेवा गरे बराबर हो । मुलुकलाई समृद्ध बनाउन हामीले गर्ने हरेक कार्य हामीले मातृभूमिका लागि गर्नेपर्ने कर्तव्य हो । त्यसका लागि हामीसँग भएको बृहत् अन्तर्राष्ट्रिय नेटवर्किङको सदुपयोग गर्नुपर्छ । मातृभूमिको समृद्धि सोच्नु भनेको आफ्नो पनि समृद्धि सोच्नु हो भन्ने हामीले बुझ्नुपर्छ ।

विकास आजको समाजमा अत्यावश्यक छ किनकि यसले दैनिक जीवनमा हरेक पक्षलाई असर गर्छ । हाम्रो लक्ष्य हाम्रो मातृभूमि नेपालको समग्र विकास हो । यो २ वर्षको अवधिमा हाम्रो समितिको तर्फबाट विभिन्न विकासका कार्यक्रमहरु योजना बनाइएको छ ।

समय परिवर्तनसँगै समस्या मात्रै होइन समस्यालाई सम्बोधन गर्ने तरिका पनि परिवर्तन हुन्छ । चुनौतीपूर्ण परिस्थितिमा पनि मूल्यमान्यताप्रति इमान्दार रही हाम्रा मुद्दाहरू सम्बोधन गर्न साथ दिनुहुने सम्माननीय राष्ट्रपति, प्रधानमन्त्री सर कारी निकाय, माननीय मन्त्रीज्यूहरू, सभामुखज्यू लगायत सम्पूर्ण सरोकार वालाहरूलाई मैले यहाँ धन्यवाद दिनै पर्छ ।

एक प्रसिद्ध भनाइ छ, '**प्रत्येकको आचरणमा सबैको भाग्य निर्भर हुन्छ**', जसले हामीलाई यो तथ्य बताउँछ कि हामी सबै एक अर्कामा जोडिएका छौं र हामी यो तथ्यलाई अस्वीकार गर्न सक्दैनौं ।

अन्त्यमा, हामी संसारको जुनसुकै कुनामा जुनसुकै समयका लागि बसे पनि हामी हृदयदेखि नेपाली नै रहनेछौं । किनभने, 'यो मन त हाम्रो नेपाली हो' ।

**अध्यक्ष**

**डा. बद्री के.सी**

*हाल गैरआवासीय नेपाली संघले विदेशमा रोजगारीमा रहेका नेपालीको भविष्यका लागि नागरिकता, मतदानको अधिकार र सामाजिक सुरक्षा कोषको कार्यान्वयनलगायत विभिन्न विषयमा छलफल र काम गरिरहेको छ ।*



# लगानी सम्मेलनमा एनआरएनको अपेक्षा

■ डा. बद्री के.सी

विश्वभरका नेपालीलाई जोड्न गैरआवासीय नेपाली संघ (एनआरएनए) स्थापना भएको सर्वविदितै छ। नेपालीको लागि नेपाली भन्ने मूल मन्त्र मानेर काम गर्दैछ। विदेशमा भएका नेपालीका हकहितसँगै मातृभूमिको विकासमा योगदान गरिरहेको छ। सन् २००३ मा स्थापित एनआरएनएले नेपालमा संगठित रूपमा लगानी भित्र्याउँदै आएको छ। अध्ययन तथा रोजगारीको सिलसिलामा बिदेसिनुपरेकालाई नेपालमा लगानी गर्न उत्प्रेरणा दिँदै आएको छ ।

संघको स्थापनाको दुई दशक पुग्दा व्यक्तिगतसँगै इन्भेस्टमेन्ट कम्पनीमार्फत लगानी भित्रन थालेको छ। व्यक्तिको हैसियत अनुसार साना तथा ठूला लगानी प्रस्ट देखिन्छन् । नेपालको होटेल तथा पर्यटन, स्वास्थ्य, शिक्षा, सूचना प्रविधि, रियल इस्टेट, बैंकिङ तथा वित्तीय संस्थामा राम्रो लगानी भित्रिएको छ।

*नेपाली डायस्पोराको क्षमता अनुसार २५ प्रतिशत रकम पनि भित्रिरहेको छैन । एउटा अन्तर्राष्ट्रिय अध्ययनले नेपाली डायस्पोराको वार्षिक आम्दानी ६० खर्ब रुपैयाँ हो ।*

जलविद्युतका धेरै आयोजनामा एनआरएनएको लगानी छ । २० वर्षमा औपचारिक लगानीको रूपमा मात्रै १ खर्ब बढी भैसकेको छ । हजारौं गैरआवासीय नेपालीका कम्पनीहरूले लाखौंमा रोजगारी सिर्जना गरेका छन् । विदेशमा रहेका नेपालीले नेपालमा दुई तरिकाबाट विदेशी रकम भित्र्याइरहेका छन् । विदेशको नागरिकता लिएकाले वैदेशिक लगानीको रूपमा र नेपाली नागरिकता हुनेले रेमिट्यान्सको रूपमा रकम पठाइरहेका छन्। नेपालको अर्थतन्त्र चलायमान बनाउन विदेशमै रहेका नेपालीको सबैभन्दा बढी योगदान देखिन्छ । नेपालको अर्थतन्त्रको करिब ३३ प्रतिशत योगदान विदेशमा रहेका नेपालीले गर्छन्। अर्थतन्त्रमा वार्षिक १३ देखि १४ खर्ब रूपैयाँ विदेशमा रहेका नेपालीको योगदान रहेको छ । यो तथ्य वैदेशिक लगानी र विप्रेषणको रूपमा भित्रिएको छ । विदेशबाट भित्रिने रकम वार्षिक रूपमा बढ्दै गएको छ ।

नेपाली डायस्पोराको क्षमता अनुसार २५ प्रतिशत रकम पनि भित्रिरहेको छैन । एउटा अन्तर्राष्ट्रिय अध्ययनले नेपाली डायस्पोराको वार्षिक आम्दानी ६० खर्ब रूपैयाँ आंकलन गरेको छ । नेपालमा औपचारिक रूपमा करिब १३ खर्ब रूपैयाँ मात्रै आइरहेको छ । १२–१३ खर्ब अनौपचारिक माध्यमबाट भित्रिएको अनुमान छ । यसको अर्थ आम्दानीको आधाभन्दा बढी रकम नेपालमै भित्रिँदैन । नेपालीहरूले विदेशमै लगानी गरिरहेका छन् । नेपालमा लगानी भित्र्याउन नचाहनुका धेरै कारण छन् ।

नेपालमा वैदेशिक लगानी आकर्षित गर्न १६ र १७ गते गर्न सरकारले लगानी सम्मेलन गर्दैछ । आगामी सम्मेलनलाई गैरआवासीय नेपालीहरूले उत्साहका साथ हेरेका छन् । सरकारले विदेशमा रहेका नेपालीलाई नेपालमै लगानी गर्न प्रोत्साहन गर्ने विश्वास लिएको छ । अर्को महत्त्वपूर्ण पाटो नेपालको सबै देशमा कूटनीतिक नियोग छैनन् । सरकारले सबै देशका लगानीकर्तासँग विदेशमा समन्वय गर्न सक्ने अवस्था छैन ।

सबैभन्दा राम्रो विकल्प गैरआवासीय नेपालीहरूलाई लगानीकर्ता ल्याउने पुलको रूपमा प्रयोग गर्नुपर्छ । गैरआवासीय नेपाली र सरोकारवाला संस्थाहरूलाई लगानी सम्मेलनमा लगानीकर्ता ल्याउने सकारात्मक माध्यमको रूपमा सरकारले सोच्नुपर्ने हुन्छ । आगामी लगानी सम्मेलन सफल बनाउन विश्वका विभिन्न देशमा बसोबास गर्ने ८० लाख नेपालीसँग समन्वय गर्न सक्नुपर्छ । अन्य मुलुकहरूको अभ्यास हेर्दा पनि मुलुकभित्र लगानी ल्याउने व्यक्ति त्यही देशमा रहेका गैरआवासीय नै हुन्छन् । गैरआवासीय नेपालीहरू व्यवसायी र लगानी(कर्ता बनिसकेको अवस्था छ । उनीहरु आफू मात्रै लगानी गर्न नआई विदेशी लगानीकर्ता ल्याउन पनि सक्छन् ।

## सरकारले सहज बनाउनुपर्ने व्यवस्था

नेपालले निर्माण तथा उत्पादनका लागि लगानीकर्ताले विदेशबाटै प्रविधि ल्याउन सक्ने गरी प्रविधि हस्तान्तरण सम्झौता (टीटीए) गर्न आवश्यक छ । ठूलो लगानी आउने सम्भावना भएका देशहरूसँग टीटीए सम्झौता गर्नुपर्छ । त्यसको लागि आवश्यक कानुनी प्रबन्ध गर्न जरूरी छ । नेपालकमा ठूलो लगानी ल्याउन दुई पक्षीय लगानी प्रवर्द्धन तथा संरक्षण (बिपा) सम्झौता पनि गर्न संघले पटक पटक उठाएको आवाज सुनुवाइ भएको छैन । टीटीए र बिपा दुई सम्झौता अत्यावश्यक भएकाले लगानी वातावरण बनाउन यी व्यवस्था गर्नै पर्छ ।

नेपालमा अहिले जुन लगानी भइरहेको छ, धेरै अन्तर्राष्ट्रिय दातृ निकायहरूले ग्राण्डको रूपमा दिएका छन् । नेपालमा गुणस्तरीय वैदेशिक लगानीकर्ता आएको अवस्था छैन । देशमा लगानी गरेर मुनाफा आउँछ कि आउदैन ? देशको लगानीको वातावरण के छ भन्ने कुरा देशको लगानी रेटिङ हुनुपर्छ । जुन अहिलेसम्म भएको छैन । ठूला कम्पनीले लगानी गर्न चाहदा लगानीमा नेपालको रेटिङ के छ भनेर हेर्छन् । त्यसैले अनिवार्य रूपमा कन्ट्री रेटिङ गराउनुपर्छ । सरकारले कन्ट्री रेटिङ गर्ने घोषणा गरे पनि यसको कार्यान्वयन भैसकेको छैन । लगानी सम्मेलनअघि देशको अवस्था सबैलाई देखाउनुपर्छ। नेपालमा ठूला लगानीकर्ता आउनुभन्दा पहिला लगानीमा नेपालको रेटिङ हेरेर मात्रै आउछन् ।

नेपालमा अहिलेसम्म जति पनि ठूला साना आयोजना छन् ती आयोजनाहरूलाई हाइलाइट गरेर मात्रै लगानी सम्मेलन गर्ने होइन । यस्ता खालका अन्य लगानी सम्मेलनहरूमा नेपालले भाग लिनुपर्छ । अन्य अन्तर्राष्ट्रिय सम्मेलनहरूमा सहभागिता जनाउनुपर्छ । नेपाल सरकारले आफूसग भएका आयोजना र उत्पादनलाई प्रचारमा बाहिर ल्याउन आवश्यक गृहकार्य गर्नुपर्छ । लगानी सम्मेलन भनेको दुई चार वर्षमा मेला गरे जस्तो नभएर हरेक वर्ष गर्दा उपयुक्त हुन्छ । प्रदेश र स्थानीय सरकारले समेत लगानी सम्मेलन गर्न आवश्यक रहेको छ ।

मुलुकभित्रकै लगानीकर्ताको लगानीको सम्भावना रहेकाले सरकारले त्यो विषयलाई पनि सोच्न आवश्यक हुन्छ। विदेशबाट लगानी गर्न आउनेले कमाएको मुनाफा सहजरूपमा लैजान दिने ठूला हृदय बनाउनुपर्छ । लगानी सधै विदेशीहरूले मात्रै आएर गरिदिने होइन । मुलुकभित्रकै लगानीकर्ताले लगानीको सम्भावना देखेको हुन्छ । यस्ता कुराहरूमा सरकारले ख्याल गर्दा लगानी सम्मेलन सफल हुन्छ ।गैरआवासीय नेपालीहरूको भावनालाई राज्यले कदर गर्दै उपयुक्त कानुनको व्यवस्था गरिदिएमा देशमा थप लगानी भित्रिन मद्दत पुग्नेछ । नेपाली नागरिक सरह देशमा लगानी गर्ने कानुनी व्यवस्था भएपछि मात्र लगानीका क्षेत्रहरूलाई फराकिलो बनाउँदै लैजान सकिन्छ ।

गैरआवासीय नपाली नागरिकता दिएसँगै आर्थिक अधिकार सहज रूपमा प्रयोग गर्न पाउने व्यवस्था गर्नुपर्छ। एनआरएन ऐन २०६४, वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५ बीचमा केही असमानता रहँदा विशेष गरी एनआरएनको लगानी र वैदेशिक लगानी भित्र्याउने विषयमा समस्या भइरहेको छ । वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐनमा गैरआवासीय नेपालीको परिभाषा परिवर्तन गर्नुपर्छ। गैरआवासीय नेपालीलाई विदेशी मूलको नागरिक सरह व्यवहार गर्दा नेपालमा लगानी भित्र्याउन प्रोत्साहन हुँदैन। विदेशमा कमाएको पैसा नेपालमा लगानी गर्दा र अर्को मुलुकमा लगानी गर्दा फरक अनुभूति हुनुपर्छ ।

नेपालमा लगानी बढाउँदै एनआरएनए नेपाल डेभलपमेन्ट फण्ड कार्यान्वयन गर्नुपर्छ । १० अर्ब रूपैयाको डेभलपमेन्ट फण्डलाई आगामी दिनमा बढाउन सकिन्छ । यसको कार्यान्वयन गर्न नेपालले कानुनी सहजीकरण गर्न आवश्यक छ । इन्भेस्टमेन्ट कम्पनीमा लगानीको सीमा हटाए पनि ८० प्रतिशत स्टक मार्केटबाट लगानी भित्र्याउने व्यवस्थाले मूर्तरूप पाएको छैन । नेपालमा लगानीको क्षेत्र पहिचान गरी सुरक्षित लगानी प्रवर्द्धनका लागि नेपाल सरकारसँग सहकार्य हुनुपर्छ। गैरआवासीय नेपालीको लगानी आकर्षण गर्न दोहोरो कर छुट हुनुपर्छ । आगामी दिनमा सरकार र गैरआवासीय नेपालीहरूको संयुक्त प्रयासबाट कृषि, पूर्वाधार, पर्यटन, भेञ्चर क्यापिटल र प्राइभेट इक्वीटीलगायतका क्षेत्रमा थप लगानी भित्र्याउन सकिन्छ ।

# विश्वासिलो संस्थागत रूपान्तरणमा सूचना तथा संचारको निरन्तर पैरवी

"जस्तोसुकै कठिन र असम्भव देखिने चुनौतीहरूलाई पार गर्ने नै हो भने एकोहोरो भएर लाग्नै पर्ने हुन्छ ।" डा महाबिर पुन, सम्झना, सपना र अविरल यात्रा पुस्तकको एक हरफबाट सुरू गर्दछु । गैरआवासीय नेपाली संघले बिगतमा निकै चुचुरा देखेको भए पनि यो अवस्थामा संस्थागत भन्ज्याङ्मा सुस्ताएर सोच्न बाध्य छ । महावीरको 'एकोहोरो' हुनु कसैको कुरा नसुन्नु हुँदै होइन । अनेक कुरा भन्नेको कमी हुँदैन, सबैको सुन्नु तर बाटो नबिराउनु र नअल्मलिनु भनेको अर्थमा ग्रहण गरेर त्यही अर्थमा संस्थाले चाल्नुपर्ने कदम निरन्तर कायम राख्नु भन्ने सन्देश संचार गर्न यस अंकले भूमिका खेल्ने विश्वास छ ।

सन् २००३ मा 'नेपालीका लागि नेपाली' भन्दै नेपाली डायसपोरा सञ्जाल सुरू गरेको एक दशकको वस्तुगत अनुभव कै चिन्तन मनन र व्यबहारिक सोचसहित सन् २०१५ ताकादेखि नै संस्थाको सामर्थ्य र दिगोपनको लागि संस्थालाई डिजिटल प्रविधिको विकाससँगै सशक्त पार्ने मुख्य अवधारणा समेटेर विभिन्न नाममा रूपान्तरणको मुद्दाले संस्थामा प्राथमिकता पायो । युवा, महिला, दोश्रो पुस्ताको हस्तक्षेपकारी भूमिकासहित सामाजिक विकासमा संस्थाको व्यवस्थापन विश्वस्तरीय कर्पोरेट स्तर को सेवा प्रबाहसहितको नेपाली विश्व संगठन बनाउने महत्वोकांक्षासहित संस्थाको एजेन्डाले प्राय सबैको चुनाबी पर्चा विभिन्न डिजाइनमा रंगिए । २०१५ देखि २०१९ सम्मको चार बर्षमा 'रूपान्तरण' सबैले मन्त्रको रूपमा लिनुभयो । तर धेरैले भर्खर व्रतबन्ध गरेको बालकहरूले अर्थ नबुझी घोकेको गायत्री मन्त्रजस्तै लिनुभएको रहेछ ।

मुखले खासखुस जप्ने तर के कसरी यति ठूलो संरचना रूपान्तरण गर्ने भन्ने नबुझी हँ मा हँ त मिलाइयो तर मनमा शंका लिएको देखियो । वास्तवमा बाहिरी संरचना र भित्री भावनासँगसँगै नबुझाइकन वा नबुझिकन संस्थामा २०१७ देखि नै स्मार्ट एनआरएनए कार्यक्रम सुरू भयो । २०१९-२०२१ मा सदस्यता र निर्वाचन पनि जोडियो तर नबुझेर बुझे जस्तो गर्ने प्रवृत्तिको शंकाको शिकार २०२१ मा स्मार्ट एनआरएनए भएको देखियो । २०२२ देखि २०२३ सम्म निरन्तर प्रयास, संवाद र सम्झौता गरेर मिश्रित व्यवस्था गर्दा पनि केही भाबुक र केही शंकालु मनहरूको अवरोध स्मार्ट एनआरएनए प्रोग्राममा परेको र संस्थाको संगठन भावनात्मक रूपमा एक नेतृत्वमा गोलबन्द हुन भन्दा छरपस्ट भएको अवस्था छ ।

ग्लोबल संस्थाले डिजिटल प्रविधि प्रयोग गर्ने कुरा अत्यन्तै व्यवहारिक छ । एमआईएस पद्दतिमा सदस्यहरु डिजिटल गरेसँगै एक लाख करिब सदस्यहरु रेकर्ड हुन् थालेको छ । जसले ५० औं लाख प्रवासी नेपाली जोड्ने सम्भाबनालाई स्पष्ट खाका दिएको छ । जुन आफैँमा ठूलो उपलब्धिको जग हो । योसँगै निर्बाचन जो डिएकाले उपलब्धिको पाटो भन्दा पनि शंकाको नियतिको घेरामा उपलब्धि छायामा परेको छ । जसलाई धैरैले सहज रूपमा ग्रहण गर्नुपर्नेमा केही व्यक्तिहरु डिजिटल प्रविधि र त्यसमा जो डिएको निर्वाचनलाई अवरोध गरेका र केहीले जानीबुझी धमिल्याका छन् । यो एक मुर्खतापूर्ण र तर्कबिहीन डर थियो र हो । यस कुराको स्पष्ट प्रभाव र प्रष्टिकरण समयले नै गर्नेछ । उतिबेला पनि समय लिएर सबैलाई बुझाएको भए हुन्थ्यो । भनिन्छ सामान्यतया यस्तो खाले विशाल संस्थागत रूपान्तरणको संस्थागत र भावनात्मक बुझाइको लागि सामान्यतया ५ वर्षको समय आवश्यक पर्दछ । कुनै पनि नियम दीर्घकालिन असर गर्ने विषय लागू गर्नुपर्ने हुँदा प्रयाप्त समय लिनु पर्दछ, अनि मात्र रूपान्तरण सफल हुन्छ । एनआरएनएको हकमा पनि स्मार्ट एनआरएनए कार्यक्रम एमआईएस सिस्टम र सदस्यतासँग जोडिएको निर्वाचन पद्दति एकै पटक लागू गर्नुले संस्थाको संगठनलाई चुनौति थपिदियो ।

विगतका वर्षको तथ्यहरूले के प्रमाणित गर्दै छ भने निर्वाचनमा जो कोहि पनि "अभियन्ता" वा पदाधिकारीको नाममा नेपाल सरकारलाई प्रभावित गर्न दौडधुप गर्ने संस्कार को सुरूवाती नै एनआरएनए संस्थाको लागि कमजोर पार्ने गतिविधि सिद्द हुँदै छन् । यो वा उ नभनी यो व्यबहारलाई मनन गरेर सुधार्न अब अपरिहार्य भएको छ । सरकारी ढोका छोडेर अब प्रवासका नेपालीको घर आँगनमा फर्किन पर्ने अवस्था अपरिहार्य छ । सत्य कुरा के रहेछ भने देश र समाजको फाइदाको लागि निःस्वार्थ रूपमा के हि न केहि काम गर्ने हो भने समुदायले एक दिन बुझ्दै जानेछ । एनआरएनए सन्दर्भमा पनि काम गर्दै जाने हो भने केहि वर्षमा संस्था अझै थप संग्लो हुन्छ । अबको समय नेपालबाट नै आयातित नेपाली अर्थ - राजनीतिको सोच र विदेशकै संस्कारमा स्थापित हुँदै गरेको स्वच्छ सोच र व्यव्हार बीच अझ थप घुलमिल गरेर मात्र संस्थाले नयाँ दशकको सहज यात्रा तय गर्नुपर्ने देखिन्छ । यो मनोसामाजिक विश्लेषण र केमेस्ट्री नबुझिकन संस्था हाक्न र उदेश्यहरु पूर्ति गर्दै जान सहज छैन ।

रूपान्तरणका नामका सम्मेलन र कुराहरु मात्र गरेर सुधार हुने होइन । सुधारकालागि कुरासंगै काम गर्नुपर्ने हुन्छ।नयाँ काम गर्ने प्रयास गर्दा सफल र असफल हुने सम्भावना उत्तिकै हुन्छ । अर्थात काम गर्नेले गुण र दोष दुवै पाउंछ । सोचमा लचकता, समझदारी र वैकल्पिक बाटो दिने बुद्दि चाहिन्छ । अल्मलिने नेतृत्वले निराशा र



बिधंश निम्त्याउछ । कहिले कहिँ लाग्छ , यस संस्थामा केहि समय भएको यस्तै ब्यबहारिक र प्राकृतिक मानवीय समाजको स्वभाविक असर हो। समाजलाई जोड्ने, गतिशील बनाउने र प्रगतिपथमा हिडाउने भन्ने कुरा इमान्दार पुर्वक गरिने सत्प्रयासबाट हुने हो । हाम्रो अधिकाँश सत्प्रयास विश्वव्यापी रूपमा सकारात्मक




हुँदाहुँदै पनि केहि असफल प्रयासलाई अनुभव र शिक्षाको रूपमा लियर थप नयाँ प्रयास नगरेसम्म पहिलाको प्रयास पनि धमिलो छायामा हराउने र नयाँ काम गर्न निरूत्साहिक बनाइने हुन्छ । सत्य सुचना र संचारलाई संस्थागत रूपमा पस्कने हाम्रो निरन्तरता त्यो प्रतिकुल वातावरण चिर्नका लागि पनि आवश्यक छ ।


प्रवासका नेपाली मनहरूलाई थप जोड्न र नेपालका हाम्रा नेपाली दिदिबहिनी दाजुभाई तथा राजनीति र सामाजिक परिवेशसंग संग्लो र सग्लो सम्बन्ध निरन्तर राख्ने वातावरण बनाउन हामीले एकोहोरो भएर निरन्तर प्रयास जारी राख्नुपर्छ । सदस्यता र निर्वाचन फिचर त Smart NRNA को धेरै मध्येको एक सुरूवाती जग मात्र हो । बिजुली निकाल्न बनाइएको जलासय जस्तो मात्र हो । बिजुली निकालेर ट्रान्सफर्मर मार्फत जबसम्म गाउँगाउँमा, सहर सहरमा उज्यालो बनाउने गरि बत्ति बल्दैन, मान्छेको मनमा रहेको शंका निवारण गर्न पनि पुरै सकिदैन । तसर्थ "संस्थाले अब एकोहोरो भएर सम्भब भएजति Smart NRNA को अरू थप आयामहरु प्रयोग गरि दिगोपनका थप प्रोजेक्ट्सहरूलाइ गति दिनुपर्छ ।

देशमा होस् वा परदेशमा जहाँ रहेपनि संका

गर्ने संस्कारबाट प्रश्न गर्ने र आँफै समाधान खोज्न जुट्ने संस्कार अबलम्बन गर्ने नेपाली / गैरआवासीय नेपाली बन्नुपर्छ । भनिएका लक्ष्यहरु प्राप्त गर्न बलियो साझेदारी र विश्वव्यापी वातावरण बनाउने, कुरा काट्ने नेपाली समाजको स्थापित रोग छ । कुरा काट्ने काट्दै पनि गर्छन मुख्यतयः संस्था अल्मलिन नहुने रहेछ । साझा चासोमा सामाजिक साझेदारी मोडल विकास गरेर नै संस्थाले दिगो उपलब्धि हँसिल गर्न थाल्छ । त्यसको लागि Smart NRNA प्रोग्राम र MIS सिस्टम एक पावर हाउस हो । अब त्यसलाई निर्वाचनमा मात्र सिमित नगरेर सामाजिक साझेदारी योजना SPP र Diaspora CONNECT प्रोजेक्ट्समा जोडेर गति दिने हो भने बत्तिको उज्यालो जस्तै अल्मलिएका मान्छेको शंका निवारण हुँदै जाने र संस्था वास्तवमै सशक्त हुन्छ ।

नेपाल भित्र र बाहिरका नेपालीको एक साझा गुण भनेको "अनावश्यक शंका" गर्नु हो । शंका फेरी कमजोर समुह वा मान्छे लाई बढी हुने हो जस्तो लाग्छ । महाविर पुनले लेख्नु भएको छ : गाउँमा इन्टरनेट जोड्ने कुरा नबुझेकोले उ बेला राजनीति गर्नेले उनलाई अमेरिकन सी आइ ए एजेन्ट भनेर शंकाको घेरामा राखेका रहेछन । हो नि त शंका गर्न पाउने सबैको मौलिक अधिकार हो, त्यसैले हामीलाई कति कुरा के गरेको होला भन्ने लागेपनि सबैलाई सम्मान पुर्वक बुझाउने जिम्मेबारी बिर्सेको हुनुहुँदैन । नेपाली समाजमा पनि नयाँ कुरा प्रति कौतुहलता, यथास्थिति असन्तोष र त्यसबाट सृजित सोच र सुधारका आधारमा थप संस्थागत विकास गर्ने भन्ने संस्कार अपनाउनु बुद्विमानी हुन्छ । मानव समुदायलाई कुनैपनि बाटो मा डोर्याउने भनेको संस्कारले नै हो । कोरा तर्कले भन्दा आफ्नो कर्मले जित्ने संस्कार बसालेर आँफु र आफ्नो समुदायलाई शक्तिशाली बनाउनु पर्दछ । संवादबाट शंका गर्ने बानीको हल खोज्नु पर्छ ।

गैरआवासीय नेपाली संघलाई कुनै पनि अवस्थामा दिगो, विदेशका नेपालीको सुख दुखको साथी संस्था बनाउनको लागि चाल्नुपर्ने कदम चालिनुपर्छ । त्यसका लागि निश्चित मान्छेको दिमाग र सोचले भन्दा पनि सम्पूर्ण प्रवासका नेपाली तथा नेपालका शुभचिन्तकहरूसंग अनुरोध छ । विभिन्न चुनौतीहरु पार गर्नको लागि तपाइहरूले जाने बुझेको र सम्भावना देखेको उपाय हामीलाई सुझाइदिनुहोस्। साथै सहयात्रामा हार्दिकता साथ होस्टेमा हैसे गरिदिनुहोस ।




**Ref: The Flywheel effect model; Jim Collins, Good to Great; 2001**

खासमा एक Good संस्थालाई Great संस्था बनाउने Leadership को सोच, हुटहुटी नै परिवर्तन तथा संस्थागत रूपान्तरण आधिकारिक नारा बनेको हो । तर भनिन्छ संस्थागत संस्कार (Organization Culture) परिवर्तन बिना संस्थागत संरचना (Organizational structure) सहजसंग रूपान्तरण हुँदैन । तसर्थ गैरआवासीय नेपाली संघले २१ औं शताब्दीको Nepali Diaspora Organization को रूपमा दिन खोजे को सन्देश र स्थापित गर्न लागेको संस्कार के हो र स्थापित के हुँदै छ त भन्ने बुझ्न जरूरी छ । सुरूको दशकमा झट्ट हेर्दा व व्यापार , लगानी र केही उद्यमशीलताको संस्कार झल्किन्छ भने संस्था निर्माणमा नेपाली राजनीतिको नेटवर्क frontline मा रहन आएको देखियो । आम अपेक्षाको रूपमा रहेको परोपकार, बौद्धिक लगानी र मजबुत श्रमिक नेटवर्क पछाडी रह्यो जसले Nepali Diaspora को वृहत् सहभागिता हुनु पर्दा संस्थाको संरचनागत रूपान्तरणको आधार खडा गर्यो । तसर्थः सिधा अर्थमा बुझदा SMART NRNA System संस्थामा वृहत् सहभागिता, पारदर्शिता, संस्थागत दिगोपन निर्माणको लागि प्रवेश गराएको भुल्न हुँदैन । फलस्वरूप सहभागितामुलक संस्कारलाई प्रज्योलित (to ignite )गर्न र रूपान्तरणलाई गति दिन (to acclerate) प्रविधि (Technology) प्रयोगलाई अपनाइएको कुरा शंका भन्दा पनि स्वभाविक रूपमा लिनुपर्छ ।

***अब NRNA श्रम सम्मान, सार्थक सेवा, उद्देम्शील NRNs हरु भनेर बुझिने संस्कारकै प्रतिबिम्बित हुने गरि रुपान्तरित हुन्छ । "***

सहभागितामुलक संस्कार संगै अनुशाशित सदस्येता, सोच र काम गर्ने संकल्प साथ् साथै हुँदा रूपान्तरणको ब्यबस्थापन सम्भव हुन्छ। कुनै पनि रूपान्तरण स्थाई र प्रभाबकारी हुँदा केहि उदार- चडाब सहितका बर्षहरू पश्चात समय चक्र अनुसार २०२३-२०२५ को बर्तमान नेत्रित्वोले रूपान्तरण स्थापित (breakthrough) गर्ने कार्य गर्ने छ । जसमा संस्थागत संरचना र भावनात्मक सहभागिता लागि संग संगै लगिने प्रयत्न हुने छ । अब NRNA श्रम सम्मान , सार्थक सेवा, उद्देम्शील NRNs हरू भनेर बुझिने संस्कारकै रूपमा प्रतिबिम्बित हुने गरि रूपान्तरित हुन्छ । येसर्थ पनि NRN media ले समाजलाई विभिन्न संस्थागत विधाहरू (Organizational Dimensions) प्राथमिकताहरू (Priorities) तथा गतिविधिहरू (Activities) मा सुसुचित पार्ने र सहभागिताको र सामाजिक सहकार्यको (Social Partnership without Conflicts of Interest) लागि निरन्तर आब्हान गरिरहने र सकारात्मक भूमिकाले प्रवासका सम्पूर्ण नेपाली र नेपालका साथीलाई जोड्ने (Diaspora Connection) गर्न सक्नु पर्छ ।

निस्कर्षमाः हामी द्रुत-परिवर्तनशील संसारमा छौं । निरन्तरताकालागि, हामी र हाम्रा संस्थाहरूले समय अनुकुल रूपान्तरित हुनुपर्छ। प्रायः यो हामीले गर्ने काम र आफैलाई व्यवस्थित गर्ने तरिकामा भर पर्दछ । यसले संस्थागत संरचना र प्रक्रियाहरु परिवर्तन गर्दछ, र निर्बाचन तथा संचालन मोडेलहरु नयाँ आवश्यकताहरूमा आधारित हुनुपर्छ। साथै, सदस्यहरूले त्यो सामान्यतया बुझेर ग्रहण गर्नुपर्छ । तसर्थ अब थप बुझाउने दायित्व अन्तर्गत हामीले संस्थाको विभिन्न प्रकाशन मध्याकै एक नियमित त्रैमाशिक प्रकाशन " ग्लोबल एनआरएन पत्र" मार्फत दिन खोजे को सामुहिक सन्देशले, जस्तो सुकै वस्तुगत परिस्थितिमा पनि सम्पूर्ण आरोह अबरोह र चुनौतीका थुप्रो छिचोल्दै पनि निर्दिष्ट यात्रामा लागिरहन हामीलाई तपाई लाखौ पंजीकृत सदस्यहरु र आम सर्वसाधारण नेपालीसंग मिलेर नेपालीकै भलाइको लागि निरन्तर लागिरहने प्रतिबद्दता छ ।

**फणिन्द्र पन्त**
**प्रवक्ता तथा संयोजक**
**सुचना, संचार तथा प्रकाशन समिति**




# कंगोमा ज्यान गुमाएका डोटीका सुरेश सिल्लाको परिवारलाई २६ लाख सहयोग हस्तान्तरण

गैरआवासीय नेपाली संघ (एनआरएनए) ले वैदेशिक रोजगारीका सिलसिलामा कंगोमा ज्यान गुमाएका डोटी आदर्श गाउँपालिका ६ का सुरेश सिल्लाको परिवारलाई साढे २६ लाख रूपैयाँ आर्थिक सहयोग गरेको छ । एनआरएनए अन्तर्राष्ट्रिय समन्वय परिषद् अध्यक्ष डा. बद्री केसीले २० जनवरी २०२४ मा केन्द्रीय कार्यालय काठमाडौंमा आयोजित समारोहमा पीडित परिवारलाई २६ लाख ६१ हजार ९२० रूपैयाँको चेक हस्तान्तरण गर्नुभएको हो ।

चार महिने नाबालक खगेन्द्रसहित उपस्थित सिल्लाकी पत्नी राजु सिल्ला, पिता पदमबहादुर सिल्ला, दाजु वीरेन्द्रसिंह सिल्ला, ठूलो बुवा धनबहादुर सिल्ला र आदर्श गाउँपालिका अध्यक्ष गणेश खड्काले एनआरएन अध्यक्ष केसीसहित अन्तर्राष्ट्रिय समन्वय परिषद्का पदाधिकारीबाट चेक बुझेका थिए । परिवारलाई हस्तान्तरण गरिएको रकम राष्ट्रिय समन्वय परिषद् कंगोले संकलन गरेको थियो । एनआरएनए कंगोका अध्यक्ष विष्णु गिरीले सहयोग जुटाउन नेतृत्व गर्नुभएको थियो । एनआरएनए महासचिव गौरीराज जोशीका अनुसार हस्तान्तरण गरिएको रकममध्ये ४० प्रतिशत हिस्सा नाबालक छोराको लागि, ३० प्रतिशत श्रीमती र ३० प्रतिशत बुवा/आमाको खर्च भनेर सहयोग गरिएको हो ।

सिल्लाको परिवारलाई सहयोग रकम हस्तान्तरण गर्दै अध्यक्ष डा. केसीले दुखको घडीमा एनआरएनले थोरै भए पनि मलहम लगाउने प्रयास गरेको बताउनुभयो । 'हामी गैरआवासीयको विडम्बना नै यही हो । हामीले चित्कार गरिरहेको विषय नै यही हो । हामी नेपालबाट मासिक रूपमा चार लाख स्वस्थ मान्छे पठाएर शव बुझ्न बाध्य भएका छौं । यही पीडा कम गराउनका लागि नै गैरआवासीय नेपाली संघ स्थापना भएको हो । संघले स्थापनाकालदेखि नै संघले यो बाकस कति बुझिरहने, यसलाई कम गर्नुपर्यो भनेर धेरै काम गरेका छौं, यद्यपि रोकिएको छैन । आज सुरेश सिल्लाको पनि त्यही हालत भएको छ,' उहाँले भन्नुभयो ।

धेरै नेपाली श्रम स्वीकृत लिएर जाँदा पनि समस्यामा पर्ने गरेको केसीले बताउनुभयो । उहाँले भन्नुभयो, 'धेरैले स्वीकृति लिएर जानुभएको छैन । किनभने बाहिर निस्किँदा एयरपोर्टमै सेटिङ गर्नुपर्छ । कागजहरु हुँदाहुँदै पनि सेटिङ भएन भने, ४०/५० हजारदेखि १/२ लाखसम्म दिएन भने त्यो ठाउँमा जानै पाइँदैन । अफ्रिकाको कथा यही छ । कंगोको कथा यही छ । कंगोमा राम्रो तलबमा काम गर्न जान नेपाली तयार छन्, त्यो ठाउँ छ । तर, कंगोमा नेपाल सरकारले स्वीकृति दिएको छैन । अफ्रिकामा उच्च सीपयुक्त नेपाली जान तयार छन् । तर सरकारले दिँदैन ।'

कंगोमा करिब २ हजार नेपाली रहेको र उनीहरु पनि अवैधानिक रूपमै जान बाध्य भएको उल्लेख गर्दै केसीले भन्नुभयो, 'छुट्टीमा नेपाल फर्किन पनि भारतबाट आउनुपर्छ । भारतबाटै फर्किनुपर्छ । सेटिङका कारण नेपालबाट जान नसक्ने बाध्यता छ ।' अवैधानिक रूपमा विदेश जानुपर्ने बाध्यताका कारणले पनि पीडित परिवार थप समस्यामा परेको बताउनुभयो । यस्तो अवस्था अन्त्य हुनुपर्ने उहाँको भनाइ छ । उहाँले भन्नुभयो, 'आज कलिलो बालक टुहुरो भएको छ । पत्नी बिधुवा भएकी छन् । यो दुखको घडीमा कंगोका साथीहरूले सहयोग पठाएका छन् । धेरै भएर पठाएको होइन, ठूलो मन गरेर पठाएको हो । त्यो पैसा छोराको पढाइमा खर्च गर्नुस् । बच्चाको पढाइको लागि हामी अन्य सहयोग पनि गर्छौं ।'

सहयोग रकम बुझ्दै गाउँपालिका अध्यक्ष गणेश खड्काले राहत संकलन गरेर परिवारलाई सहयोग गरी दुखको घडीमा मलहम लगाउने प्रयास गरेकोमा कंगोका नेपालीहरूलाई धन्यवाद दिनुभयो । उहाँले मृतकको परिवार र बच्चालाई पालिकाले पनि सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो । 'राष्ट्रका दक्ष युवाहरूको विदेश जाने परिपाटी बढ्यो । देशभित्रै रोजगारी सिर्जना नभएसम्म देश बन्दैन । विदेशमा जति काम युवाहरु गर्नुहुन्छ, त्यति नेपालभित्रै गरेको भए देश बन्थ्यो । तर सरकारले त्यो वातावरण बनाउनुपर्छ । दैनिक शव भित्र्याउने दैनिकी रोक्नुपर्छ । सिप र योग्यताको आधारमा नेपालमै काम गर्ने वातावरण बनाउन सरकारलाई दबाब दिनुपर्छ । नेपालमा कृषिको सम्भावना छ । तर बाहिरबाट भित्र्याउनुपरेको छ । तर युवाहरु बाहिर जानुपरेको अवस्थालाई अब अन्त्य गर्नुपर्छ,' उहाँले भन्नुभयो ।

# एनआरएनएद्धारा जाजरकोट र रूकुम पश्चिममा राहत वितरण




जाजरकोट र रूकुम पश्चिमका विभिन्न स्थानमा कात्तिक १७ गते गएको भूकम्पबाट प्रभावितहरूलाई गैरआवासीय नेपाली संघले राहत सामग्री हस्तान्तरण गरेको छ । कार्तिक २१ गते संघले राहत सामग्री हस्तान्तरण गरेको हो ।

संघका अध्यक्ष डा. बद्री केसीको नेतृत्वमा जाजरकोटको बागान गाउँमा पुगेको टोलीले त्यहाँस्थित भूकम्प प्रभावितहरूलाई प्रत्यक्ष भेटेर राहत हस्तान्तरण गरेको हो । सामग्री वितरण गर्दै अध्यक्ष डा. बद्री केसीले भूकम्पको कारणले सिंगो देश-विदेशमा रहेका नेपालीहरूको मन दुखेको बताउनुभयो । उहाँले विदेशमा बस्ने नेपाली दाजुभाइ दिदीबहिनीहरूको गाँस काटेर संकलन भएको सानो सहयोग भूकम्पपीडित समक्ष ल्याउन पाउँदा सन्तोष मिलेको बताउनुभयो । उहाँले सन् २०१५ मा गएको महाभूकम्पमा समेत संघले ५ सयभन्दा बढी स्वयंसेवक खटाएर राहत तथा उद्धारमा सहयोग गरेको स्मरण गर्दै जाजरकोट र रूकुम पश्चिमको पुनर्निर्माणमा समेत विदेशमा बस्ने नेपालीहरूले सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो । यस्तै संघका महासचिव गौरीराज जोशीको नेतृत्वमा रूकुम पश्चिम पुगेको संघको टोलीले स्थानीय सरकारको समन्वयमा राहत वितरण गरेको थियो । टोली तीन दिन लगाएर भूकम्प प्रभावित क्षेत्रमा पुगेको हो ।

संघका महासचिव जोशीका अनुसार भूकम्पबाट अति प्रभावित आठबीसकोट नगरपालिकामा संघको तर्फबाट पीडित घरपरिवारका लागि राहत हस्तान्तरण गरिएको हो । संघले रूकुम पश्चिमका भूकम्प प्रभावित क्षेत्रमा त्रिपाल २०० थान, फेन्सी कपडा १० सेट (२०० थान), ब्लाङ्केट २०० थान, चप्पल ४०० जोर, चामल ४०० बोरा, दाल १०० केजी, १००० लिटर तेल, ५०० केजी नुन लगायतका सामग्री हस्तान्तरण गरेको हो । यस्तै जाजरकोटमा पनि सोही परिमाणमा राहत सामाग्री वितरण गरिएको हो । यसअघि संघका अध्यक्ष डा. बद्री केसीको अध्यक्षमा बसेको आकस्मिक बैठकले न्यूनतम १ करोड रूपैयाँको राहत कोषको स्थापना गर्ने घोषणा गर्दै भूकम्प प्रभावित क्षेत्रमा खट्न गैरआवासीय नेपालीहरूलाई आग्रह गरेको थियो । राहत सामाग्री वितरणको संघका अध्यक्ष डा केसी र महासचिव जोशीसहित उपाध्यक्ष राज रेग्मी, महिला उपाध्यक्ष रोजिना प्रधान, उपमहासचिव प्रविन गुरूङ, सचिव मनोज गोर्खाली, सहकोषाध्यक्षद्धय कृष्ण तिमल्सिना, अभिमन्यू बस्नेतलगायतको टोली भूकम्प प्रभावित क्षेत्रमा खटिएको थियो ।







# कोशी प्रदेशमा मोबाइल ब्लड बस हस्तान्तरण




*गैरआवासीय नेपाली संघ* (एनआरएनए) ले कोशी प्रदेशको धरान रेडक्रस सोसाइटीलाई मोबाइल ब्लड बस हस्तान्तरण गरेको छ । धरानमा आयोजित कार्यक्रममा संघले सुनसरी जिल्ला शाखाद्वारा सञ्चालित रक्तसञ्चार सेवा केन्द्र धरानलाई बस हस्तान्तरण गरेको हो ।

संघका अध्यक्ष डा. बद्री केसी र कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले रेडक्रस सोसाइटी सुनसरीका अध्यक्ष उमेश थापालाई बस हस्तान्तरण गर्नुभएको हो । ब्लड बस ७० लाख रूपैयाँमा खरिद गरिएको हो ।

हस्तान्तरण कार्यक्रममा मुख्यमन्त्री कार्कीले प्रदेशको समृद्धिमा सहकार्य गर्न संघलाई आग्रह गर्नुभयो । कार्कीले प्रदेशमा लगानीका प्रशस्त सम्भावना रहेको बताउँदै सम्भावित क्षेत्रमा सहकार्यका लागि प्रस्ताव गर्नुभएको हो । संघले देशमा अप्ठ्यारो परेका बेला सहयोग गरेको स्मरण गर्दै कार्कीले विदेशमा रहेका नेपालीबीच एकतामा हुनुपर्नेमा जोड दिनुभयो ।

संघका अध्यक्ष केसीले नेपालमा लगानीका लागि गैरआवासीय नेपाली सक्रिय रहेको बताउनुभयो । विदेशीको भन्दा नेपालीहरूको लगानी दिगो हुने केसीको भनाइ थियो । कोशी प्रदेशको समृद्धिमा पूर्वाधारलगायतका क्षेत्रमा सहकार्य गर्न संघ तयार रहेको बताउनुभयो ।

संघका उपाध्यक्ष डा. हेमराज शर्माले स्थापनाकालदेखि संघले १ अर्बभन्दा बढीको परोपकारी काम गरेको बताउनुभयो । शर्माले संघले हस्तान्तरण गरेको बसले सडक दुर्घटनामा परेका नागरिकको ज्यान जोगाउन सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले गैरआवासीय नेपालीले विदेशमा सिकेको ज्ञान, सिप र प्रविधिलाई स्वदेशमा भित्र्याउन सक्रिय रहेको बताउनुभयो ।

डा. शर्माले संघले नेपालमा लगानी, परोपकारी काम र विदेशमा बस्ने नेपालीहरूको हकहितको लागि आवाज उठाउने तीन मुख्य मुद्दालाई निरन्तर अघि बढाएको बताउनुभयो । कार्यक्रममा संघकी उपाध्यक्ष रोजिना प्रधानले मोबाइल ब्लड बसले दुर्घटनामा परेका मानिसहरूको ज्यान बचाउन महत्त्वपूर्ण सहयोग हुने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा प्रतिनिधि सभाका पूर्व सदस्य मीना सुब्बा, प्रदेश सभाका सदस्य रामप्रसाद मेहता, यशोदा कायस्थ, भीम पराजुलीको उपस्थिति थियो । यस्तै धरान उपमहानगरपालिकाका नगर उपप्रमुख इन्द्रविक्रम बेघा, इनरूवा नगरपालिकाका प्रमुख केदार भण्डारी, रेडक्रस सोसाइटीका उपमहामन्त्री मनोजकुमार थापा, नेपाली कांग्रेसका नेता राजीव कोइरालालगायतको उपस्थिति थियो । कार्यक्रममा संघका केन्द्रीय पदाधिकारी, सल्लाहकार, अभियन्ता, प्रदेश सांसद, राजनीतिक दलका प्रतिनिधि, धरान उपमहानगरपालिकाका जनप्रतिनिधि, सरकारी तथा गैरसरकारी निकायका प्रमुख तथा सुरक्षा निकायका प्रमुखको उपस्थिति थियो ।

---

# मधेश प्रदेशमा मोबाइल ब्लड बस हस्तान्तरण




गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद् (एनआरएनए, आइसीसी) ले मधेश प्रदेशमा मोबाइल ब्लड बस हस्तान्तरण गरेको छ । जनकपुरमा १८ जनवरी २०२४ मा आयोजित एक कार्यक्रममा संघका अध्यक्ष डा. बद्री केसीले नेपाल रेडक्रस सोसाइटी धनुषालाई ब्लड बस हस्तान्तरण गर्नुभएको हो । बस हस्तान्तरण गर्दै अध्यक्ष केसीले स्थानीय निकायबीच समन्वय गरेर सञ्चालनको आग्रह गर्नुभयो ।

उहाँले सानो सहयोगले मानिसहरूको ज्यान जोगाउन ठूलो सहयोग हुने विश्वास गर्नुभयो । विदेशमा सिकेको ज्ञान सिप र पुँजीलाई नेपालमा ल्याउन र नेपालको विकासको लागि लाग्ने प्रतिबद्धता जनाउनुभयो ।

कार्यक्रममा संघका उपाध्यक्ष डा. हेमराज शर्माले गैरआवासीय नेपाली संघको मधेश प्रदेशसँग आत्मीय सम्बन्ध रहेको बताउनुभयो । संघको अभियानमा संस्थापक अध्यक्ष डा. उपेन्द्र महतोलगायत मधेश प्रदेशबाट विश्वका विभिन्न देशमा पुगेका नेपालीहरूको संस्थामा ठूलो योगदान रहेको उहाँको भनाइ थियो ।

संघको परोपकार विभागका संयोजक समेत रहेका डा. शर्माले विगत दुई दशकमा संस्थागत रूपमा नेपालमा १ अर्ब बराबरको परोपकारी काम सम्पन्न भइसकेको बताउनुभयो ।

कार्यक्रममा संघकी उपाध्यक्ष रोजिना प्रधान, प्रमुख जिल्ला अधिकारी चक्रपाणि पाण्डे, सहायक प्रमुख जिल्ला अधिकारी नरेशप्रसाद सिंहलगायतले मन्तव्य राख्नुभएको थियो ।

मधेश प्रदेशका स्वास्थ्य मन्त्री वीरेन्द्र सिंह र जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोज कुमार शाहको समेत कार्यक्रममा उपस्थिति थियो ।

मन्त्री सिंहले संघले प्रदान गरेको मोबाइल ब्लड बस सहयोगको लागि धन्यवाद दिनुभयो । कार्यक्रममा संघका युवा उपाध्यक्ष रोशन थापा, सचिव पारसमणि पोखरेल, सल्लाहकारहरु टिबी कार्की, अतुल कोइराला, विधान संशोधन सुझाव समितिका संयोजक भवानीप्रसाद ओली, पूर्व युरोप संयोजक सन्तोष भट्टराई, संघका प्रमुख कार्यकारी अधिकृत राजेन्द्रकुमार राउत, अधिकृत कुनाल मिश्रलगायतको उपस्थिति थियो ।

# एनआरएनएद्धारा लुम्बिनी प्रदेशमा मोबाइल ब्लड बस हस्तान्तरण

गैरआवासीय नेपाली संघ (एनआरएनए) ले लुम्बिनी प्रदेशमा घुम्ती मोबाइल ब्लड बस हस्तान्तरण गरेको छ । संघका अध्यक्ष डा. बद्री केसीले २६ जनवरी २०२४ मा नेपालगञ्जमा आयोजित एक समारोहमा नेपालगञ्ज उपमहानगरपालिकाका कार्यवाहक नगरप्रमुख कलरूद्दिन राईमार्फत नेपाल रेडक्रस सोसाइटी बाँकेका अध्यक्ष गोवर्धन सिंह सम्झनालाई हस्तान्तरण गर्नुभएको हो ।

कार्यक्रमलाई सम्बोधन गर्दै संघका अध्यक्ष डा. केसीले ५० लाख भन्दा बढी नेपाली विभिन्न बाध्यताले बिदेसिन परेको बताउनुभयो ।
उहाँले विदेशबाट दैनिक जस्तो १० देखि १२ जनाको शव नेपाल आउने गरेकोप्रति दुःख व्यक्त गर्दै संघले विदेशमा रहेका श्रमिकहरूको हितमा काम गर्दै आएको बताउनुभयो । उहाँले संघले विगत दुई दशकमा १ खर्बको लगानी र १ अर्ब बराबरको परोपकारी काम गरेको जानकारी दिनुभयो ।
कार्यक्रममा नेपालगञ्ज उपमहानगरपालिकाका कार्यवाहक नगरप्रमुख कलरूद्दिन राईले विदेशमा बस्ने नेपालीहरूको सहयोगमा लुम्बिनी प्रदेशमा मोबाइल ब्लड बस सहयोग गरेकोमा खुसी व्यक्त गर्नुभयो ।
कार्यक्रममा प्रमुख जिल्ला अधिकारी श्रवण कुमार पोखरेल, नेपाल रेडक्रस सोसाइटीका केन्द्रीय उपाध्यक्ष सुरेन्द्रसिंह ऐरलगायत स्थानीय



सरकारी अधिकारीहरूको उपस्थिति थियो । यस्तै संघका उपाध्यक्ष रामशरण सिम्खडा, ओसिनिया क्षेत्रीय संयोजक दिनेश पोखरेल, हेमन्त काफ्ले आईसीसी सदस्य, सल्लाहकारहरु टिबी कार्की, भैरव ढकाल, भवानी ओली विधान संशोधन समितिका संयोजक, सन्तोष भट्टराई पूर्व युरोप क्षेत्रीय संयोजक सत्यनारायण झा, एनआरएनए माल्टा उपाध्यक्ष, संघका प्रमुख कार्यकारी अधिकृत राजेन्द्रकुमार राउत, अधिकृत कुनाल मिश्र, तीर्थ भट्टराईलगायतको उपस्थिति थियो ।

# लुम्बिनीको प्रचारप्रसारमा एनआरएनएले सहकार्य गर्ने




गौतमबुद्धको जन्मस्थल लुम्बिनीको अन्तर्राष्ट्रियस्तरमा प्रचारप्रसार र पर्यटन प्रवर्द्धनमा गैरआवासीय नेपाली संघ (एनआरएनए) ले सहकार्य गर्ने भएको छ ।
शान्तिका लागि बुद्धको मार्गदर्शन र शान्ति सन्देश विश्वभर फैलाउन एनआरएनएले लुम्बिनी सांस्कृतिक नगरपालिका, कपिलवस्तु नगरपालिका, देवदह नगरपालिका, रामग्राम नगरपालिकासँग सहकार्य गर्ने भएको हो । यसका लागि एनआरएनए अध्यक्ष डा. बद्री केसीले समझदारी र सहकार्य पत्रमा हस्ताक्षर गर्नुभएको छ ।
लुम्बिनी र बुद्ध परिपथको अन्तर्राष्ट्रियस्तरमा प्रचारप्रसार, पर्यटन प्रवर्द्धन र विकासका लागि चार वटै नगरपालिका, गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्, लुम्बिनी होटेल संघबीच समन्वय बैठक समेत सम्पन्न भएको छ ।
लुम्बिनी सांस्कृतिक नगरपालिका प्रमुख सजरूद्दिन मुसलमानको अध्यक्षतामा बसेको बैठकमा कपिलवस्तु नगरपालिका प्रमुख सुदिप पौडेल, एनआरएनए अध्यक्ष डा. बद्री केसी, उपाध्यक्ष रोजिना प्रधान, उपमहासचिव सोम सापकोटा, सचिव टिका गुरूङ, युरोपका पूर्व संयोजक सन्तोष भट्टराई, ट्रायाभिलिटी कर्पोरेसनका संस्थापक आर्यन बास्तोला र प्रतीक्षा केसीलगायतको सहभागिता थियो ।

बैठकमा लुम्बिनी सांस्कृतिक नगरपालिकाका नगर उपप्रमुख कल्पना हरिजन, प्रमुख प्रशासकीय अधिकृत रामप्रसाद ज्ञवाली, लुम्बिनी होटेल संघका अध्यक्ष गोविन्द ज्ञवाली, लुम्बिनी होटेल संघका उपाध्यक्ष शेखर कार्की, सदस्य एकराज कंडेल, लुम्बिनी सांस्कृतिक नगरपालिकाका लेखा अधिकृत रामचन्द्र अर्याल, समन्वय शाखा प्रमुख तुलसीराम लामिछाने, प्रशासन शाखा प्रमुख शोभाखर पौडेल, जिन्सी शाखा प्रमुख पुष्पा पोखेल, सामाजिक विकास शाखा प्रमुख फणीन्द्र पाल, समाजसेवी शिवानन्दन हरिजन, लुम्बिनी विकास मञ्चका उपाध्यक्ष राहुल गौतमलगायतको उपस्थिति थियो । लुम्बिनी र बुद्ध परिपथको अन्तर्राष्ट्रियस्तरमा प्रचारप्रसार, प्रवर्द्धन तथा अन्तर्राष्ट्रियस्तरमा समन्वय एवम् सहजीकरणका लागि एनआरएनए आईसीसी उपमहासचिव सोम सापकोटालाई समन्वयकर्ता मनोनयन गरिएको छ ।

# क्रिकेट संघलाई सम्मान: आगामी १० वर्षमा नेपाल टेस्ट राष्ट्र बन्ने लक्ष्य छ - पारस खड्का




गैरआवासीय नेपाली संघले टी–२० विश्वकपमा सहभागी नेपाली क्रिकेट खेलाडीहरूको सहयोगको लागि नेपाल क्रिकेट एसोसिएसन (क्यान) मार्फत् १० लाख रूपैयाँ सहयोग गरेको छ । सो कार्यक्रममा संघ अन्तर्राष्ट्रिय समन्वय परिषद् का अध्यक्ष डा. बद्री केसी, उपाध्यक्ष रोजिना थापा राईलगायत पदाधिकारीले टी–२० विश्वकप २०२४ क्रिकेट प्रतियोगितामा छनौट भएकोमा बधाई ज्ञापन गर्दै क्यानका पदाधिकारीलाई सम्मान गरेको हो । क्यानका सचिव पारस खड्का, व्यवस्थापक एवं पूर्वकप्तान विनोद दास, कार्यकारी सदस्य सुदिप शर्मालगायत उपस्थित पदाधिकारीलाई एनआरएनले सम्मान गरेको थियो । एनआरएनएका सचिव पारसमणि पोखरेलले क्यानका सचिव खड्कालाई टोकन अफ लभ दिनुभएको थियो ।

कार्यक्रममा क्यानका सचिव एवं पूर्वकप्तान खड्काले नेपाली क्रिकेटमा गैरआवासीय नेपालीको साथको आवश्यकता रहेको बताउनुभयो । 'क्रिकेटका गतिविधिहरूमा साझेदारी बलियो बनाउन विश्वभरका नेपालीलाई जोड्न जरूरी छ,' उहाँले भन्नुभयो । नेपाल विश्वकपमा छनोट भइसकेपछि धेरैले क्यानसँग जोडिन खोजेको र यसैको सिलसिला एनआरएन भएको बताउनुभयो । उहाँले भन्नुभयो, 'यो सहकार्यले विदेशमा हुर्किरहेको नयाँ पुस्ताले नेपालको प्रतिनिधित्व गर्नेछ ।'

थोरै लगानीमा क्रिकेट यो स्थितिसम्म आइपुगेको भन्दै उहाँले क्रिकेटको संरचनामा पनि विकास हुन थालेको जानकारी गराउनुभयो । अब राष्ट्रिय मात्र नभई जिल्ला र स्थानीय संरचनालाई पनि सहयोग गर्नुपर्ने उहाँको भनाइ थियो ।

क्रिकेटले देश, खेलाडीका साथै पर्यटन प्रवर्द्धनमा पनि योगदान गरेको उहाँले बताउनुभयो । 'यो खेललाई कसरी स्थापित गर्ने भन्नेमा सबैको ध्यान होस् । एनआरएनएको सहकार्यबाट राम्रो नतिजा निकाल्न सक्छौं । यो सहकार्यलाई अर्को चरणमा लैजान क्यानले पनि बोर्ड बैठकबाट छलफल चलाउनेछ । नेपाललाई टेस्ट राष्ट्र बनाउन सबैको सहयोग आवश्यक छ । अबको १० वर्षमा टेस्ट राष्ट्र बनाउने भनेर मात्र हुँदैन । सबैको हातेमालो आवश्यक छ,' उहाँले भन्नुभयो ।

संसारभर बस्ने नेपालीको सहयोग आउने च्यानल बनाउन क्यान तयार रहेको र ट्रस्ट बनाएर जान सकिने भन्दै उहाँले यसबाट घरेलु क्रिकेटको विकास हुने बताउनुभयो । महिला क्रिकेट पनि क्यानको प्राथमिकतामा रहेको उहाँले बताउनुभयो । 'महिला क्रिकेटमा २००७ सम्म राम्रो थियो । एसीसीसम्म पुग्यो तर पछि खस्कियो । लगानी नै भएन । महिला क्रिकेट प्राथमिकतामा परेको छैन । क्यानमा नयाँ टिम आइसकेपछि महिला टिमलाई प्राथमिकतामा राखेका छौं । सन् २०२६ बाट महिला टिमले राम्रो नतिजा ल्याउने गरी तयारी गरिरहेका छौं,' उहाँले भन्नुभयो ।

पूर्वकप्तान विनोद दासले गैरआवासीय नेपाली संघले नेपाली क्रिकेटमा योगदान गर्न खोजेकोप्रति उत्साहित रहेको यो सहकार्यले क्रिकेटको विकास अझै मजबुत बनाउने बताउनुभयो । 'नेपालमा मेहनती युवा खेलाडी छन् । क्रिकेटका उल्लेख्य क्यान छन्, खेलको सांगठनिक संरचना पनि बलियो हुँदैछ, तर पूर्वाधारमा फितलो छौं । अन्तर्राष्ट्रियस्तरको क्रिकेट ग्राउण्ड छैन । एनआरएनको सहयोगले बलियो बनाउन सक्छौं । अर्को ट्रेनिङ र एक्सपोजर हुन सक्छ । धेरै देशमा फैलिएको यो संस्थाको सहकार्यले एक्सपोजरको दायरा फराकिलो बनाउँछ । एनआरएनए युवा उपाध्यक्ष एवं खेलकुद प्रतिष्ठानका रोशनकुमार थापाले ७० लाखभन्दा बढी विदेशमा नेपालीको मन क्रिकेटमा हुने र नेपालले जितेमा खुसी हुने बताउनुभयो । 'नेपालको प्रतिनिधित्व गरेर जाँदा नेपालले अन्य राष्ट्रलाई जित्यो भन्दा गर्वले छाती फुल्छ । अमेरिकाको हुन गइरहेको खेलमा भ्याएसम्म सम्पूर्ण सहयोग गर्ने । तत्कालीन तथा दीर्घकालीन सहकार्य गर्न चाहन्छौं,' उहाँले भन्नुभयो ।

एनआरएन सचिव पारसमणि पोखरेलले जुन ४ मा टेक्सासमा हुने नेपाल र नेदरल्याण्डको खेलमा अहिलेसम्मकै बढी नेपाली दर्शक उपस्थित गराउने बताउनुभयो । 'यसका लागि नेपाल क्रिकेटलाई सहयोग भनेर अभियान नै चलाउँदैछौं । अर्का सचिव स्वतन्त्र प्रताप शाहले राष्ट्रिय टिमले विदेशमा बस्ने नेपालीलाई गर्व गर्ने वातावरण बनाएको भन्दै आगामी खेलमा टिमलाई साथ दिने बताउनुभयो ।

माल्टाका एनआरएनए अध्यक्ष भुवन अर्यालले विदेशमा रहेका नेपाली खेलाडीहरूलाई टिममा समावेश गर्न र पलायन भएकालाई फर्काउने वातावरण बनाउन अपिल गर्नुभयो ।

एनआरएनए आईसीसी सदस्य हेमन्त काफ्लेले एनआरएनए र खेलकुद जोडिनु सह्रानीय भएको बताउनुभयो । एनआरएनए अध्यक्ष बद्री केसीले नेपाललाई चिनाउने क्यानसँग सहकार्य गर्न पाउँदा उत्साहित भएको बताउनुभयो । 'खेलकुद विश्वमा औषधि हो । खेलकुदमा लगानी ठूलो लगानी हो । नेपालमा खेलाडी बन्ने रहर भएका खेलाडी जबरजस्ती खेलाडी बनेर आफैं व्यवस्थापन गर्नुपर्ने विडम्बना छ । यति हुँदा पनि विश्वकपमा जानुभएकोमा बधाई छ । ७० लाख नेपाली एकजुट हुने हो भने सस्टिनेबल पूर्वाधार बनाउन सक्छौं । हाम्रो हरेक खालको सहयोग रहन्छ,' उहाँले भन्नुभयो । दर्शक सहभागी गराउन हामी ती देशमा जाँदैछौं । हामी आह्वान गर्छौं, सबै जना क्रिकेट हेर्न जाऔं,' उहाँले भन्नुभयो ।

अर्का सचिव स्वतन्त्र प्रताप शाहले राष्ट्रिय टिमले विदेशमा बस्ने नेपालीलाई गर्व गर्ने वातावरण बनाएको भन्दै आगामी खेलमा टिमलाई साथ दिने बताउनुभयो ।

# सेती प्रादेशिक अस्पताललाई अक्सिजन प्लान्ट हस्तान्तरण

गैरआवासीय नेपाली संघ (एनआरएनए)ले सेती प्रादेशिक अस्पताललाई १ करोड २५ लाख रूपैयाँको अक्सिजन प्लान्ट हस्तान्तरण गरेको छ । धनगढीमा आयोजित एक कार्यक्रममा एनआरएनए अध्यक्ष डा. बद्री केसीले अस्पतालका अध्यक्ष नरबहादुर शाहलाई अक्सिजन प्लान्ट हस्तान्तरण गर्नुभएको हो ।

प्लान्टको उद्घाटन गर्दै सुदूरपश्चिम प्रदेशका सामाजिक विकास मन्त्री झपटबहादुर साउदले अक्सिजन प्लान्ट स्थापना गरेर एनआएरएनएले सहयोग गरेकोमा धन्यवाद ज्ञापन गर्नुभयो । उहाँले सुदूरपश्चिमको स्वास्थ्यलाई सेती प्रादेशिक अस्पतालले थेगेको समेत बताउनुभयो । मन्त्री साउदले प्रदेशको बेरोजगारी र गरिबी अन्त्यका लागि सुदूरपश्चिममा केही परियोजना सञ्चालन गर्न एनआरएनएलाई आग्रह गर्नुभएको छ । उहाँले सुदूरपश्चिममा जनशक्तिको अभाव नरहेको उल्लेख गर्नुहुँदै बेरोजगारी समस्याका कारण प्रदेशको श्रम भारत पलायन भइरहेकोमा चिन्ता व्यक्त गर्नुभयो ।

कार्यक्रममा अध्यक्ष डा. केसीले कोरोना महामारीको बेला गैरआवासीय नेपाली संघले विदेशमा र नेपालमा रहेका नेपालीहरूलाई ठूलो सहयोग पुर्‍याएको स्मरण गर्नुभयो । डा. केसीले आनो गाँस काटेर विदेशमा बस्ने नेपालीहरूले देशमा प्राकृतिक प्रकोप, भूकम्प वा कोरोनामा महामारीमा सहयोग गर्दै आएको बताउनुभयो । उहाँले सम्पूर्ण दाताहरूलाई संघको तर्फ धन्यवाद व्यक्त गर्नुभयो ।

कार्यक्रममा गैरआवासीय नेपाली संघका उपाध्यक्ष रामशरण सिम्खडाले सानो सहयोगले पनि मानिसको ज्यान जोखिमबाट बच्न सक्ने भएकाले मोबाइल ब्लड बस, अक्सिजन प्लान हस्तान्तरण गरेको बताउनुभयो । उहाँले नेपालका दुर्गम क्षेत्रमा टेलिमेडिसनको सेवा सञ्चालन गर्न सकिने बताउँदै आगामी दिनमा गैरआवासीय नेपाली संघको सहकार्यमा टेलिमेडिसिन कार्यक्रम सञ्चालन गर्न सकिने बताउनुभयो ।



कार्यक्रममा अस्पतालका अध्यक्ष शाहले संघले प्लान्ट हस्तान्तरण गरेपछि अस्पताल अक्सिजनमा पूर्णरूपमा आत्मनिर्भर भएको बताउनुभयो । उक्त प्लान्टले हावामा रहेको अन्य अक्सिजनलाई प्रशोधन गरेर १ घण्टामा ८ वटा सिलिन्डर तयार गर्न सक्छ । प्रदेश आपूर्ति व्यवस्था केन्द्रका प्रमुख डा. नीरज अर्यालले सेतीमा अक्सिजन प्लान्ट स्थापनाले ठूलो हौसला मिलेको बताउनुभयो ।
कार्यक्रम सेती अस्पतालका प्रतिनिधिहरु, ओशिनिया क्षेत्रीय संयोजक दिनेश पोखरेल, हेमन्त काफ्ले आईसीसी सदस्य, सल्लाहकारहरु टिबी कार्की, अतुल कोइराला, भैरव ढकाल, भवानी ओली, विधान संशोधन समितिका संयोजक, अर्जुन श्रेष्ठ पूर्वउपाध्यक्ष, सन्तोष भट्टराई पूर्व युरोप क्षेत्रीय संयोजक र सत्यनारायण झा (माल्टा) संघका प्रमुख कार्यकारी अधिकृत राजेन्द्रकुमार राउत, अधिकृत कुनाल मिश्रलगायतको उपस्थिति थियो ।

# एनआरएनए इलाम गोल्डकपको उपाधि एनआरटीको पोल्टामा

इलाममा सम्पन्न प्रथम एनआरएनए इलाम गोल्डकपको उपाधि न्यूरोड टिम (एनआरटी) काठमाडौं ले चुमेको छ । फाइनलमा पेनाल्टी सुटआउटमा एनआरटीले झापालाई ४-३ गोलअन्तरले पराजित गरेको हो ।
गैरआवासीय नेपाली संघको प्रायोजनमा सम्पन्न प्रतियोगिताको फाइनल खेल निर्धारित समयमा गोलरहित बराबरी भएपछि टाइब्रेकरमा धकेलिएको थियो।

टाइब्रेकरमा एनआरटीका सुमित श्रेष्ठ, जय गुरूङ, विदेशी खेलाडी पिसो र विवेक गुरूङले गोल गरे । एनआरटीका राजीव लोप्चनको प्रहार झापाका गोलकिपरले बचाए । झापाका तर्फबाट योगेश गुरूङ, घनश्याम मुर्मु र देवेन्द्र तामाङले गोल गरे । झापाका प्रदीप बुढाथोकी र अनिल गुरूङको प्रहार विपक्षी गोलकिपरले बचाए । झापाका हिसुब थपलिया फाइनल खेलको म्यान अफ दि म्याच घोषित भए । फाइनलमा एनआरटीका राजीव लोप्चनले पहेँलो कार्ड पाए ।




एनआरटीले सेमिफाइनलमा आयोजक रेडहर्स फुटबल क्लब र क्वार्टरफाइनलमा बाग्मती युवा क्लबलाई पराजित गरेको थियो । झापाले सेमिफाइनलमा पाँचथरलाई र क्वार्टरफाइनलमा राष्ट्रिय जागृति क्लबलाई हराएको थियो । विजेताले नगद पाँच लाख र उपविजेताले तीन लाख रूपैयाँ पुरस्कार पाएका छन् । रेडहर्स फुटबल क्लबले आयोजना गरेको प्रतियोगिता माघ ६ मा सुरू भएको थियो भने आठ टिम सहभागी थिए ।

प्रतियोगिताका सर्वोत्कृष्ट खेलाडीतर्फ गोलकिपर एनआरटीका प्रिसो, मिल्डफिल्डर झापाका योगेश गुरूङ, फरवार्ड एनआरटीका राजीव लोप्चन, डिफेन्डर झापाका सज्जित राई, प्रशिक्षक एनआरटीका हरिहोम श्रेष्ठ, राइजिङ प्लेयर रेडहर्सका विवेक मगर, सर्वाधिक गोलकर्ता रेडहर्सकै नवयुग श्रेष्ठ र सर्वोत्कृष्ट खेलाडी झापाका रोहन कार्की घोषित भए। उनीहरूले जनही पाँच हजार रूपैयाँ पुरस्कार पाए ।



गैरआवासीय नेपाली संघले नेपालको खेल क्षेत्रमा सहयोग गर्ने नीति अनुरूप इलाम गोल्डकपलाई सहयोग गरेको थियो । खेलाडीहरूलाई हौसला दिन संघका सचिव पारसमणि पोखरेल, संघको केन्द्रीय कार्यालयका आइटी प्रमुख महेश श्रेष्ठ र आइटी अफिसर रूपक लामिछाने खेल मैदानमा उपस्थित थिए । यसअघि संघले नेपाल क्रिकेट एसोसिएसन र भलिबल एसोसिएसनलाई क्रमशः १० लाख र ८ लाख रूपैयाँ सहयोग गरेको थियो ।

## सुदूरपश्चिमका आर्थिक मामिला मन्त्री एनआरएनए मुख्यालयमा, लगानीबारे छलफल

गैरआवासीय नेपाली संघ (एनआरएनए) र सुदूरपश्चिम प्रदेश सरकारबीच लगानी सम्भावनाबारे छलफल भएको छ । संघको केन्द्रीय कार्यालयमा २०२४ जनवरी ३० मा प्रदेशका आर्थिक मामिला मन्त्री नरेशकुमार शाही र संघका अध्यक्ष डा. बद्री केसीबीच लगानीका सम्बन्धमा छलफल भएको हो ।

मन्त्री शाहीले सुदूरपश्चिम प्रदेश लगानीका लागि उत्कृष्ट गन्तव्य भएकाले लगानीको लागि आग्रह गर्नुभयो । उहाँले संघले सुदूरपश्चिममा गरेको परोपकारी कामप्रति आभार व्यक्त गर्दै आगामी दिनमा थप सहकार्यको अपेक्षा राख्नुभयो ।

संघका अध्यक्ष केसीले आगामी दिनमा प्रदेश सरकारसँग मिलेर काम गर्ने नीति भएको जानकारी दिनुभयो । केसीले पहिलो चरणमा कोशी प्रदेशको चियालाई प्रवर्द्धन गर्ने काम संघले अघि बढाएको बताउनुभयो ।




द्विपक्षीय छलफलमा सुदूरपश्चिममा लगानीका सम्भावना र चुनौतीमा पनि विश्लेषण भएको थियो । कार्यक्रममा संघकी महिला उपाध्यक्ष रोजिना राई प्रधान, सल्लाहकार टिबी कार्की र प्रमुख कार्यकारी अधिकृत राजेन्द्रकुमार राउत र गैरआवासीय नेपाली नागरिकतासम्बन्धी स्रोत व्यक्ति सरोज दाहाललगायतको उपस्थिति थियो ।

## महिला विभागको सक्रियतामा लण्डनमा गजल साँझ सम्पन्न




भूकम्प प्रभावित पश्चिम नेपालका महिला बालबालिकाका लागि सहयोग जुटाउन ९ जनवरी २०२४ मा लण्डनमा एक गजल साँझ सम्पन्न भएको छ । गैरआवासीय नेपाली संघ, अन्तर्राष्ट्रिय समन्वय परिषद् महिला विभागको सक्रियतामा सम्पन्न कार्यक्रमको संयोजन युरोप क्षेत्रकी क्षेत्रीय महिला संयोजक प्रसुना कंडेलले गर्नुभएको हो ।

ह्यारोस्थित ब्लु रूम स्पोर्टस्मा आयोजित कार्यक्रममा संघका उपाध्यक्ष रामशरण सिम्खडाले च्यारिटी कार्यक्रम गरेकोमा महिला विभाग तथा फोरमको प्रशंसा गर्नुभयो । उहाले भूकम्पपीडितको लागि सानो सहयोगले ठूलो आत्मबल पुग्ने बताउँदै आयोजकप्रति आभार व्यक्त गर्नुभयो । कार्यक्रममा लोकप्रिय गजल गायक राज सिग्देलले 'उ जितेर गई या हारेर गई', लगायतका आफ्ना दर्जन लोकप्रिय गजल सुनाउनु भएको थियो । साथै सन्जिता देउजा एवं नारायण गाउँले, कृष्ण भट्ट, फणीन्द्र भट्टराई, बासु लामिछानेलगायतले पनि गजल, कविता सुनाउनु भएको थियो । कार्यक्रममा प्रमुख अतिथि लन्डनस्थित नेपाली दूतावासका नियोग उपप्रमुख रोशन खनालले भूकम्पपीडित महिला बालबालिकाका लागि च्यारिटी गर्न जुटेको संघको प्रशंसा गर्नुभएको थियो ।

विशेष अतिथि लन्डन बरो अफ ह्यारो मेयर काउन्सिलर रामजी चौहानले च्यारिटी लक्षित कार्यक्रमको सराहना गर्दै कार्यक्रमले सामाजिक सद्भाव अभिवृद्धि गर्ने भएकाले आफूले ऐक्यबद्धता जनाएको बताउनुभयो । कार्यक्रममा विशेष अतिथि ग्रीनवीच बरो, काउन्सिलका डेपुटी मेयर जित रानाभाटले शुभकामना मन्तव्य दिनुभएको थियो । कार्यक्रम संयोजक प्रसुनाले सहभागी र प्रायोजक सबैप्रति आभार व्यक्त गर्नुभयो । उहाँले रूकुम पश्चिम तथा जाजरकोटका भूकम्पपीडित महिला बालबालिकाका लागि न्यानो कपडा, पछ्यौरा, स्यानिटेरी प्याड, चप्पल र दूध बाँड्न सानै भए पनि प्रयास गरिएको बताउनुभयो । कंडेलले कार्यक्रमबाट बचेको पैसा तत्कालै भूकम्पपीडितको सहयोगार्थ नेपाल पठाइने जानकारी दिनुभयो । यसअघि जाजरकोट र रूकुम पश्चिममा भूकम्प गएपछि संघका अध्यक्ष डा. बद्री केसीको नेतृत्वमा गएको टोली प्रभावित क्षेत्रमा राहत वितरण तथा स्वास्थ्य शिविर सञ्चालन गरेको थियो ।

# महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रीसँग भेटघाट



गैरआवासीय नेपाली संघको प्रतिनिधिमण्डलले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री सुरेन्द्र राज आचार्यसँग भेटघाट गरेको छ । ३१ जनवरी २०२४ मा भएको भेटमा संघका अध्यक्ष डा बद्री केसीले संघको सक्रियतामा नेपालमा सञ्चालित सडक बालबालिकासम्बन्धी परियोजनाबारे जानकारी गराउनुभएको थिए । डा केसीले संघ नेपाल सरकार र प्रादेशिक सरकारसँग मिलेर काम गर्न तयार रहेको पनि बताउनुभएको थियो ।

मन्त्री आचार्यले महिला तथा बालबालिकाको हकहितका लागि मन्त्रालय संघसँग सहकार्य गरेर अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । आचार्यले संघले गर्दै आएका कामको प्रशंसा गर्दै सडक बालबालिकाको परियोजना लाई प्रादेशिक रूपमा पनि सञ्चालन गर्न आग्रह गर्नुभयो । संघले यसअघि नेपाल सरकार तथा महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र राष्ट्रिय महिला तथा बाल अधिकार परिषद्को सहकार्यमा सडक बालबालिकाको सहायता परियोजना सञ्चालन गर्दै आएको छ । हाल रहेको ५० जनाको सहयोगलाई सन् २०२५ सम्म १०० जनालाई पुर्याउने लक्ष्य संघको छ । संघले सन् २०५० सम्म नेपाल सडक बालबालिकारहित बनाउने अभियान सञ्चालन गर्ने छ ।

मन्त्रालयमा भएको भेटघाटमा संघकी महिला उपाध्यक्ष रोजिना प्रधान, सचिव टिका गुरूङका साथै गैरआवासीय नेपाली संघका प्रमुख कार्यकारी अधिकृत राजेन्द्रकुमार राउत लगायतको उपस्थिति थियो ।

यसैबीच, कोशी प्रदेशमा अन्तर्राष्ट्रिय चिया सम्मेलनका लागि गैरआवासीय नेपाली संघ र कोशी प्रदेश लगानी प्राधिकरणबीच छलफल भएको छ । संघको केन्द्रीय कार्यालयमा भएको भेटघाटमा प्रदेश लगानी प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत डा. सरोज कोइरालाले सम्मेलनमा संघको सहयोगको अपेक्षा गर्नुभयो । यसअघि संघका अध्यक्ष डा बद्री केसीले प्रदेश सरकारहरूसँग मिलेर काम गर्ने प्रतिबद्धता सार्वजनिक गर्नुभएको थियो ।

## एनआरएनए आईसीसी सदस्यले लिए पद तथा गोपनीयताको शपथ

गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद् (आईसीसी)मा मनोनीत २१ जना केन्द्रीय सदस्यहरूले पद तथा गोपनीयताको शपथ लिएका छन् ।

काठमाडौंको चन्द्रागिरिमा आयोजित ३ दिने अन्तर्राष्ट्रिय समन्वय परिषद् (एनसीसी) बैठकमा डिसेम्बरमा मनोनीत २१ केन्द्रीय सदस्यहरूले शपथ लिएका हुन् ।

शपथ लिनेहरूमा चिरन शर्मा (युके), पूर्ण घिमिरे (अस्ट्रेलिया), रामप्रसाद घिमिरे (अस्ट्रेलिया), अर्जुनकुमार गुरूङ (बेल्जियम), डा. मुकुन्द बास्तोला (युके) हेमन्तराज काफ्ले (अस्ट्रेलिया) र सरस्वती केसी (युके) ले स्वयम् उपस्थित भएर शपथ लिएका हुन् । शान्ति अर्याल, रविन बज्राचार्य, डा. सञ्जु पौडेल, ज्योति शर्मा, मनिता ढुङ्गाना, बाबुराम भण्डारी, बिनेश तामाङ, स्मार्ट थापा र ईश्वरी भण्डारीले भर्चुअल माध्यमबाट शपथ लिएका हुन् ।

केन्द्रीय समिति सदस्यलाई संघका अध्यक्ष डा. बद्री केसीले शपथ गराउनुभएको थियो ।

## जाजरकोटको रिम्नामा एनआरएनएको स्वास्थ्य शिविर

गैरआवासीय नेपाली संघ (एनआरएनए) ले भूकम्प प्रभावित क्षेत्र जाजरकोट जिल्लाको रिम्नामा स्वास्थ्य शिविर सञ्चालन गरेको छ । एनआरएनएको विश्व स्वास्थ्य समितिद्वारा सञ्चालित शिविरमा २ सयभन्दा बढीले स्वास्थ्य परीक्षण गराएको समितिका अध्यक्ष डा सञ्जीव सापकोटाले जानकारी दिनुभयो ।

सापकोटाका अनुसार शिविरमा भूकम्पपीडितलाई हुनसक्ने सम्भावित रोगबाट बच्नको लागि आवश्यक स्वास्थ्य सामग्री वितरण गर्नुका साथै उनीहरूको स्वास्थ्य अवस्था, औषधि वितरण र मानसिक स्वास्थ्य परामर्श दिइएको थियो । सो शिविरमार्फत स्वास्थ्य सेवा प्रदान गर्न चिकित्सक तथा स्वास्थ्यकर्मीहरूको टोली काठमाडौंदेखि जाजरकोट पुगेको थियो । टोलीमा डा. भूपेन्द्र प्रकाश मल्ल, डा. नन्द आचार्य, डा समीक्षा मल्ल लगायतको सहभागिता रहेको थियो ।

स्वास्थ्य शिविरमा आएका भूकम्प पीडितमा प्रमुख रूपमा श्वासप्रश्वास, चोटपटक र मानसिक रोगलगायतका स्वास्थ्य सम्बन्धी समस्या देखिएका थिए । एनआरएन स्वास्थ्य शिविरका प्रमुख डा मल्लले समयमै व्यवस्थापन गर्न नसके श्वासप्रश्वास र पानीजन्य रोगको प्रकोप हुने सम्भावना रहेको जानकारी दिनुभयो ।

मानसिक स्वास्थ्यविज्ञ नन्द आचार्यले भूकम्पपीडितमा मानसिक स्वास्थ्य समस्या जस्तै बरबराउने, डराउने, मुर्छा पर्ने, अत्तालिने, डिप्रेसन, निद्रा नलाग्ने, मदिराजन्य पिय पदार्थमा लत बस्न सक्ने खतरा औंल्याएका छन् । यसअघि स्वास्थ्य समितिले भूकम्प प्रभावित क्षेत्रलाई लक्षित गर्दै स्वास्थ्य सेवा हटलाइन सञ्चालनमा ल्याएको थियो ।

स्वास्थ्य समितिले भूकम्पपीडितलाई समयमा राहत, उद्धार तथा स्वास्थ्य उपचार गर्न नसके चिसोमा निमोनिया, रुघाखोकीको प्रकोपको थप जोखिम रहेको जनाएको छ । शिविरमा खटिएका स्वास्थ्य विज्ञहरूले सो क्षेत्रमा रहेका गर्भवती तथा सुत्केरी महिला जोखिममा रहेको जनाएको छ । भूकम्पका कारणले घर भत्काउँदा तथा अन्य कारणले गर्भवती तथा सुत्केरी महिला जोखिममा परेका हुन् ।

भूकम्प प्रभावित क्षेत्रमा रहेका गर्भवती तथा सुत्केरी महिला र बालबालिकाहरूको स्वास्थ्यमा ध्यान दिन र उनीहरूको उद्धारको लागि सहजीकरण गर्न आवश्यक रहेको संघले जनाएको छ । यसअघि एनआरएनए अध्यक्ष डा. बद्री केसी नेतृत्वमा जाजरकोट र रूकुम पश्चिम पुगेको संघको टोलीले भूकम्पपीडितको लागि राहत वितरण गरेको थियो ।



## शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न


गैरआवासीय नेपाली संघको आयोजनामा **NRNA Global Diaspora Connect 2024** शुभकामना आदानप्रदान कार्यक्रम जुम माध्यमबाट ७ जनवरी २०२४ मा सम्पन्न भयो । कार्यक्रममा संघका ६ वटै क्षेत्रमा रहनुभएका पदाधिकारी, सदस्य, एनसीसीका प्रतिनिधिलगायतका अभियन्ताहरूको सहभागिता थियो । सो अवसरमा अध्यक्ष डा. बद्री केसीले संघको सञ्जाल सय देशमा विस्तार गरिने बताउनुभएको थियो ।

अध्यक्ष केसीले संघको सञ्जाल ८६ देशमा पुगिसकेको र त्यसलाई विस्तार गरी १०० देशमा पुर्याउने लक्ष्य रहेको बताउनुभएको हो । अध्यक्ष केसीले १० अर्ब लगानी बराबरको संरचना निर्माण भइसकेको बताउँदै सञ्चालनका लागि पहल गरिने बताउनुभयो । त्यसका लागि सबै गैरआवासीय नेपालीहरूबाट सहयोग लिने उहाँका भनाइ थियो । विद्यमान श्रम स्वीकृति लिने वैदेशिक रोजगार ऐन २०६४ को व्यवस्था असहज भएकाले संशोधनका लागि पहल गर्ने पनि बताउनुभएको थियो । महिलालाई पनि श्रम स्वीकृतिका लागि सहज हुने गरी ऐन संशोधनको पहल गर्ने उहाँले बताउनुभएको हो ।




महिला र युवा संघको खम्बा भएको बताउँदै केसीले यसै वर्ष महिला तथा युवा सम्मेलनको आयोजना गर्न लागिएको समेत जानकारी दिनुभयो । कार्यक्रममा शुभकामना दिंदै संघका सल्लाहकार अतुल कोइरालाले संघको अभियानलाई सशक्त बनाउनुपर्नेमा जोड दिनुभयो । कोइरालाले संघको अभियानमा स्थापनाकाल देखिनै आफू सक्रिय रहेको बताउँदै थप क्रियाशील रहने प्रतिबद्धता जनाउनुभयो ।

संघको युरोप, अमेरिका, अस्ट्रेलिया, अफ्रिका, मध्यपूर्व, एसिया प्रशान्त क्षेत्रमा एउटै जुममार्फत आयोजित कार्यक्रममा विभिन्न सांगीतिक प्रस्तुति समेत गरिएको थियो ।




## डा राजु अधिकारी गैरआवासीय नेपाली विज्ञान तथा प्रविधि पुरष्कारद्वारा सम्मानित

अस्ट्रेलिया निवासी वैज्ञानिक एवम् गैरआवासीय नेपाली संघका सिप, ज्ञान तथा नवप्रवर्तन विभागको नेपाल साइन्स फाउन्डेसनका संयोजक डा राजु अधिकारी गैरआवासीय नेपाली विज्ञान तथा प्रविधि पुरस्कारबाट सम्मानित हुनुभएको छ । नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (नास्ट) द्वारा स्थापित सो पुरस्कारबाट सम्मानित हुने डा अधिकारी पहिलो गैरआवासीय नेपाली हुनुहुन्छ । नास्टद्वारा डिसेम्बर ७, २०२३ का दिन आयोजित एक समारोहमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले प्रदान गर्नुभएको सो पुरस्कार एनआरएनएका प्रमुख कार्यकारी अधिकृत राजेन्द्रकुमार राउतले डा अधिकारीको तर्फबाट ग्रहण गर्नुभयो।

स्वदेश तथा विदेशमा विज्ञान तथा प्रविधिको विकासमा निरन्तर लागि सिप,ज्ञान र नवप्रवर्तन कार्यमा संलग्न भई योगदान पुर्याउनुभएका डा अधिकारी सो पुरस्कारबाट सम्मानित हुनुभएको हो । अधिकारीले स्वास्थ्य, कृषि, विद्युत् प्रवाहकीय आदिमा आवश्यक पर्ने नवीन प्रकारका वातावरणमैत्री प्लास्टिक पदार्थहरूको विकासका क्षेत्रमा योगदान पुर्याउनुभएको छ । साथै विदेशमा रही नेपाल साइन्स फाउन्डेसन ट्रष्ट लगायतका संस्थामार्फत नेपालका विश्वविद्यालय तथा प्रज्ञा प्रतिष्ठान अनुसन्धान केन्द्रसँग समेत उहाँले सहकार्य गर्नुभएको छ ।

दाङको देउखुरी मुसुरियाका अधिकारी हाल अस्ट्रेलियाको CSORO र RMIT विश्वविद्यालय प्रमुख अनुसन्धान वैज्ञानिकको रूपमा कार्यरत हुनुहुन्छ । डा अधिकारीका २६ ओटा पेटेन्ट दर्ता छन् । एक सयभन्दा बढी अनुसन्धानात्मक सामाग्री प्रकाशित छन् । उहाँले विकास गरेको पोलिमर मुटुको भल्भमा पनि परीक्षण गरिएको छ।



उहाँले सन् १९८७ देखि १९९१ सम्म तत्कालीन शाही नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान (नाष्ट) को केन्द्रीय अनुसन्धान प्रयोगशालाको पहिलो प्रमुख को रूपमा पनि काम गर्नुभएको थियो । गैरआवासीय नेपाली संघले प्रवासमा रहेका वैज्ञानिक प्रतिभाहरूको सीप र क्षमता नेपालको विकासमा उपयोग गर्ने उद्देश्यले सन् १९९७ मा सीप, ज्ञान तथा नवप्रवर्तन कमिटी गठन गरेको थियो ।

# दलका प्रतिनिधिसँग अन्तरक्रिया: संघका समस्या समाधानमा सहयोगको प्रतिबद्धता




प्रमुख राजनीतिक दलका नेताहरु गैरआवासीय नेपाली संघका मुद्दामा एक ठाउँमा उभिएका छन् । समस्या समाधानका लागि आवश्यक पहल गर्ने साझा प्रतिबद्धता पनि उनीहरूले जनाएका छन् । एनआरएनए अन्तर्राष्ट्रिय समन्वय परिषद्द्वारा काठमाडौंको चन्द्रागिरिमा आयोजित कार्यशालामा सहभागी ६ दलका नेताहरूले एनआरएनएका समस्यालाई आफ्नो ठाउँबाट नीतिगत तथा व्यवस्थापकीय हिसाबले समाधान गर्ने प्रतिबद्धता जनाएका हुन् । एमाले उपाध्यक्ष एवं पूर्वअर्थमन्त्री विष्णु पौडेलले सत्ता र प्रतिपक्ष एकै ठाउँमा भएकाले एनआरएनएको विवाद समाधान हुने विश्वास दिलाउनुभयो ।

'अब एनआरएनए कमिटीलाई कुनै कोणबाट चिन्ता हुनुपर्ने अवस्था छैन । सत्तापक्ष साथ दिन तयार छ । प्रतिपक्ष साथमै छ । यहाँबाट निश्चित भएर उत्साह र आशा बोकेर अगाडि बढ्नुस्,' पौडेलले भने, 'सत्तापक्ष साथीहरूले प्रधानमन्त्रीसँग प्रत्यक्षरूपमा कुरा राख्छौं । न्याय पाउने गरी जान्छौं भन्नुभएको छ । यो प्रतिबद्धता ख्यालठट्टा होइन । अब निकट भविष्यमा यो समस्या समाधान हुन्छ भन्ने लाग्छ ।'

गैरआवासीय नागरिकताबारे कानुनी अस्पष्टता नभएकाले प्रभावकारी कार्यान्वयनमा जोड दिनुभयो । 'यसमा प्रशासनिक संकीर्णताले सबै कुरा हुन सकिरहेको छैन । जसअनुसार संविधानअनुसार कानुन नबन्ने, कानुनअनुसार नियम नबन्ने, निर्देशन जारी नहुने, निर्देशन नमान्ने भइरहेको छ । संविधानको स्पिरिटलाई पछ्याएर प्रभावकारी ढंगबाट अगाडि बढ्दा समस्याको समाधान छ । नागरिकताको सहज प्रयोग व्यवस्थापन गर्नुपर्ने जरूरी छ ।

पूर्वअर्थमन्त्री पौडेलले आफ्नो पालामा सुरू भएको एनआरएनए कोषलाई प्रभावकारी रूपमा अगाडि बढाउन सरकारको ध्यानाकर्षण गराउनुभयो । 'एनआरएनबाट कोष, लगानी र सिप ल्याउने कुरा छन् । म अर्थमन्त्री हुँदा केही कदम चालिएका थिए । यहाँको अभियानलाई स्विकार्दै एनआरएनए कोष सञ्चालनमा आएको थियो । अहिले अर्थ मन्त्रालय र अन्य ठाउँमा अल्झिरहेको पाइयो । यसबाट सरकार बाहिर आउनुपर्छ । प्रभावकारी अगाडि बढाउन भूमिका खेल्नुपर्छ । यो कोष लगानीको एकीकृत मोडल बन्न सक्छ,' उहाँले थप्नुभयो ।

पौडेलले एमाले प्रवासी नेपालीको मताधिकारको पक्षमा रहेको बताए । 'हामी नियन्त्रित लोकतन्त्रको पक्षमा छैनौं । एमाले फुलफ्लेजको डेमोक्रेसीमा विश्वास गर्छ । राज्यका निकायको अनुमतिमा अध्ययनका निम्ति, श्रमका निम्ति गएको छ भने उसले मतदानको अधिकार किन नपाउने ? के संविधानले रोक्छ ? देशको आर्थिक अवस्था, प्राविधिक विषय देखाएर विदेशमा रहेका नेपालीको मताधिकार कुण्ठित गर्न पाइँदैन । एमाले मतदानको स्पष्ट पक्षमा छ,' उहाँले भन्नुभयो । प्रवासमा रहेका नेपालीको लगानी र पैसा चाहिने तर उनीहरूको मताधिकार कानुनी, आर्थिक पक्ष देखाएर नपाउने भन्न नमिल्ने उहाँले जिकिर गर्नुभयो ।

जतिसुकै वर्षअगाडि गएका भए पनि नेपालीहरूलाई गैरआवासीय नागरिकको दर्जा दिने गरी कानुन संशोधन गर्नुपर्ने उहाँको धारणा थियो । पौडेलले गैरआवासीय नेपालीको घर झगडामा पार्टीहरु मिसिन नहुने बताउनुभयो । 'तर व्यवहारमा नक्कली र प्रायोजित झगडा गराएर उनीहरूको एकतालाई खण्डित गर्ने झगडा हो । यसको योजनाकार को हो ? पार्टीहरूका अँध्यारा कोठामा बैठक भएका छन् । घरमा डढेलो लगाउनका निम्ति सलाई थमाएर पठाउँछन् । यो अत्यन्त दु:खद कुरा हो । यसबाट अन्तर्राष्ट्रिय प्रतिष्ठाको विषय भएको छ ।

वैधानिक रूपमा निर्वाचित भएकाले निर्बाध ढंगले काम गर्नुपर्छ भन्ने दलहरूले बुझ्नुपर्ने उहाँको भनाइ थियो । 'सत्ताको सोच पनि बदलियोस् । हामी २०४८ देखि चुनाव लडिरहेका छौं । एनआरएनएभित्र खेल्नुपर्छ र । भ्रातृ संगठनजस्तो व्यवहार नगरौं । सरकारमा रहेका दल र सरकारले गर्नुहुँदैन । तर पछिल्लो विवादले समस्यासँग झेल्न सक्ने क्षमता बढेको छ । यसबाट विचलित नहुनुहोला,' पौडेलले भन्नुभयो ।

कांग्रेस केन्द्रीय सदस्य एवं पूर्वमन्त्री शंकर भण्डारीले निर्वाचनको परिणामलाई सरकार स्वयंले हार्दिकतापूर्वक स्वीकार नगरेको कुरा दुःखद् भएको बताउनुभयो । 'त्यसमा पनि संस्था नवीकरण नहुनु र अदालत जानुपर्ने अवस्था दुःखद कुरा हो, यो नहुनुपर्थ्यो । तल्लो तहदेखि नासासम्म काम गर्ने नेपाली छन् । यसो हुनुपर्छ भन्यौं तर देश बिग्रिँदै गइरहेको छ,' भण्डारीले भन्नुभयो । एक अर्ब च्यारिटी गरिसकेको, एक खर्ब लगानी गरिरहेको र ८० खर्ब लगानीको क्षमता राख्ने एनआरएनएसँग देश आर्थिक संकटमा हुँदा हातेमालो गर्नुपर्नेमा विवाद हुनु उपयुक्त नभएको भण्डारीको भनाइ थियो ।

एनआरएनएलाई अब विवादको विषय बनाउन नहुने भन्दै भण्डारीले थप्नुभयो, 'जति दूरी बढ्छ त्यति राम्रो हुँदैन । आन्तरिक दूरी नबढाऊ । विवादको विषय नबनाऊ । यसलाई तत्काल रोकौं । हामी दलभित्र र प्रधानमन्त्रीजीलाई पनि भन्छौं । रास्वपाका साथीहरूले पनि रविजीलाई भनिदिनुपर्यो प्रधानमन्त्रीकहाँ गएर दबाब दिनुपर्यो ।' गैरआवासीय नेपालीसँगको सहकार्यमा लगानीलाई चाँडो भित्र्याउनुपर्ने भण्डारीले बताउनुभयो । उहाँले भन्नुभयो, 'अहिलेको विवादलाई समाधान गर्नको लागि ढिलो गर्नहुन्न । यसमा मेरो भूमिका हुन्छ।'

गैरआवासीय नेपालीको ८० खर्बलाई नेपाल ल्याउने बाटो पहिल्याउन दलहरु गम्भीर बन्नुपर्ने र देश बनाउनुपर्ने भण्डारीको भनाइ थियो । नेकपा (एकीकृत समाजवादी) का उपाध्यक्ष राजेन्द्र पाण्डेले विश्वभर रहेका नेपालीको संस्थामा पनि राजनीतिकरण गर्नु उपयुक्त नभएको बताउनुभयो । 'नेपाली राजनीतिको झमेला तपाईंहरूले बोक्ने होइन । विदेशी भूमिमा राजनीतिक आस्था राख्नुस् । वीआर नेपाली भन्ने बेला म फलानो राजनीतिक पार्टीको भनेर विभाजित नभइदिनुस्,' पाण्डेले भन्नुभयो ।

राजा हटाउन ६५ वर्ष लामो समय लागेको उदाहरण दिँदै पाण्डेले गैरआवासीय नागरिकताको सवालमा धैर्य गर्न आग्रह गर्नुभयो । धेरै लामो प्रयत्न र छलफलपछि नागरिकता दिने व्यवस्था संविधानमा गरिएको उल्लेख गर्दै नागरिकता पाउन ८ वर्ष लागेको सुनाउनुभयो । 'नागरिकतामा देखिएका समस्या समाधान गरेर जानुपर्छ,' उहाँले भन्नुभयो । सरकारले एउटा सर्कुलर गरिदिएमा एनआरएनले नागरिकता लिँदा र त्यसबाट पाउने अधिकार सहजै पाउने उहाँको भनाइ थियो ।

गैरआवासीय नेपालीलाई तत्कालै मतदानको अधिकार दिन व्यवहारिक नभएको उहाँले बताउनुभयो । 'प्रवासी नेपालीलाई मतदानको अधिकार दिने कुरा बेठिक छैन । तर हाम्रो देशको परिस्थिति फरक छ । देशभित्रै भोटर लिस्टअनुसार निर्वाचन गराउन कठिन छ । इलेक्ट्रोनिक इभिएम प्रणाली विश्वसनीय नभएको भनेर हामीले धेरै छलफल गरेर कठिनाइ छ भनेर रोकिएका छौं,' उहाँले भन्नुभयो।

यो निर्वाचनलाई मान्दिनँ भन्ने आवाज सरकारबाट आउनुहुँदैन । उम्मेदवारी दिएर प्यानल खडा गरेर निर्वाचन गर्ने विषय एनआरएनए नहुनुपर्ने हो । तर अध्यक्ष हुने आकांक्षाले भयो होला । तर प्रधानमन्त्रीलाई यो कुरा बुझाउन जरूरी छ । गठबन्धनमा रहेका हामी साथीहरु एनआरएनएको समस्या, नवीकरण गर्ने समस्यालाई तत्काल समाधान गर्न पहल गर्नेछौं,' उहाँले भन्नुभयो ।

संविधानसभा सदस्य एवं नेकपा (माओवादी केन्द्र) का नेता खिमलाल देवकोटाले एनआरएनको नागरिकता, ब्रिटिस गोर्खा र पीएनओको समस्यालाई एकै ठाउँमा राखेर हेर्नुपर्ने बताउनुभयो । गैरआवासीय नागरिकता प्राप्तिपछि पाउने अधिकारहरूमा सरकारले सहजीकरण गर्नुपर्ने देवकोटाले बताउनुभयो । 'गैरआवासीय नागरिकता तीन पुस्ता भन्यौं, सय वर्ष अगाडि गएकालाई ख्याल गरेनौं । यसमा ध्यान दिऊँ,' उहाँले भन्नुभयो ।

नेकपा (एमाले) का संसदीय दलका सचेतक महेश बर्तौलाले एनआरएनको आन्तरिक विवादमा सरकारको हस्तक्षेप उपयुक्त नभएको र साझा संस्थाको रूपमा हेर्नुपर्ने बताउनुभयो । 'राज्यकातर्फबाट सद्भावपूर्ण व्यवहार नहुनु दुःखद छ, यसमा सरकारले ध्यान दिनुपर्छ । निर्वाचनबाट आएको कार्यसमितिलाई फरक व्यवहार गर्ने काम गर्नुहुँदैन,' बर्तौलाले भन्नुभयो ।

बर्तौलाले प्रवासी नेपालीलाई लगानीको वातावरण बनाए दातृ निकायका सशर्त सहयोग लिनुपर्ने बाध्यता नआउने पनि बताउनुभयो । 'हामीले गैरआवासीय नेपालीलाई रातो कार्पेट ओछ्याएर वातावरण बनाउने हो भने विभिन्न शर्तसहित विदेशी सहयोग माग्नुपर्ने अवस्था हुने थिएन । तर सरकारले यसमा ध्यान दिएको छैन । एक पटकको नेपाली सधैंको नेपाली भन्ने भावनाले सिप, पुँजी, प्रविधि र अनुभव प्रयोग गर्ने वातावरण बनाऊँ,' उहाँले भन्नुभयो । गैरआवासीय नागरिकतामा देखिएका प्रशासनिक जटिलता र झमेलामा सरकारले गाँठो फुकाउनुपर्ने र आवश्यक निर्देशिका र कार्यविधि बनाएर सहजीकरण गर्नुपर्नेमा बर्तौलाले जोड दिनुभयो ।

सचेतक बर्तौलाले प्रवासी नेपालीलाई मताधिकार दिने पक्षमा एमाले रहेको बताए । '०८४ मा मताधिकार दिने कुरामा हाम्रो पार्टी प्रस्ट छ । बाहिर रहेका नेपालीलाई मतदानको अधिकार दिनुपर्छ । देश निर्माणको अभियानमा संलग्न गराउन हाम्रो तर्फबाट हुने योगदान गर्न तयार छौं,' उहाँले भन्नुभयो । संविधानसभा सदस्य एवं वरिष्ठ अधिवक्ता राधेश्याम अधिकारीले संविधान, ऐनमै दिएको अधिकारलाई मान्यता नदिने राजनीतिक नेतृत्व र प्रशासनिक संयन्त्र देखेर आश्चर्य लागेको बताउनुभयो ।

काठमाडौंमा गैरआवासीय नागरिकता लिएकाले मालपोतबाट काम भएको उल्लेख गर्दै सबै ठाउँमा सर्कुलर जरूरी रहेको अधिकारीले बताउनुभयो । जग्गा जमिन खरिदको अधिकार संविधान र ऐनले दिइसकेपछि त्यसलाई कार्यान्वयन गरेर जानुपर्ने र सरकारले यसमा ध्यान दिनुपर्ने उहाँले बताउनुभयो । बैंक खाताको कुरा सुन्दा पनि आश्चर्य लागेको भन्दै अझै सरलीकृतको जरूरी रहेको अधिकारीले बताउनुभयो । अभ्यासबाटै सरलीकृत गर्दै जानुपर्नेमा उहाँले जोड दिनुभयो ।

ब्रिटिस गोर्खाको सवालमा बेलायतको नागरिकता लिइसकेकोले अर्को देशको लिन पाउँछ कि पाउँदैन भन्ने पहिलो पक्ष भएको अधिकारीले बताउनुभयो । प्रवासमा रहेका नेपालीलाई मतदानको अधिकार दिनुपर्ने पक्षमा आफू रहेको भन्दै त्यो अधिकार दिँदा यस्तो परिणाम आउँछ भनेर राजनीति गर्न नहुने उहाँले बताउनुभयो । कानुनी र व्यवस्थापकीय पाटोबाट टुंग्याएपछिमात्रै यसलाई लागू गर्नुपर्ने उहाँको भनाइ थियो ।

एकीकृत समाजवादीको सचिव रामकुमारी झाँक्री गैरआवासीय नागरिकता सम्बन्धी विषयको कानुन संशोधन गर्न जरूरी रहेको बताउनुभयो । 'नेपालीको वर्गीकरणको कुरा छ । ब्रिटिस गोर्खा छ । पीएनओ छ । श्रम स्वीकृत लिएका नागरिक छन्', उहाँले भन्नुभयो । जग्गा पास, बैंकिङ मुद्दामा आर्थिक नीति परिमार्जनको जरूरी रहेको उल्लेख गर्दै झाँक्रीले हुन्डीमार्फत घरजग्गा बेचेर लैजाने प्रवृत्ति पनि रोक्न अनुरोध गर्नुभयो । प्रवासी नेपालीलाई मतदानको अधिकार दिनुपर्ने भन्दै उहाँले अहिले नै लागू गर्न व्यवहारिक रूपमा सम्भव नभएको जिकिर गर्नुभयो । 'तपाईंहरूले भोलेन्टियर वा सहयोग दिने होइन राज्यले नै गर्नुपर्ने कुरा हो । तर देशको आर्थिक अवस्था, क्षमता र प्राविधिक अवस्थाले अफ्ठेरो छ,' उहाँले भन्नुभयो । एनआरएनएको निर्वाचन प्रक्रियाको विवादले संघको काम र प्रकृतिमाथि प्रश्न उठेको र विगतका राम्रा काम र इज्जतलाई नामेट पारिदिएको उहाँको भनाई थियो । 'निर्वाचित कमिटीलाई स्वीकार नगर्ने र हारेको पक्षलाई वकालत गर्ने सरकारको कामले लज्जाबोध गरेको छ,' उहाँले भन्नुभयो ।

गैरआवासीय नेपाली नागरिकता पाएको बेला संसारभर उल्लास मनाउनुपर्ने बेला संघको गरिमामाथि उठेको प्रश्नले सबै ओझेल पारेको झाँक्रीले बताउनुभयो । झाँक्रीले उपलब्धिमूलक लगानी गर्न गैरआवासीय नेपालीहरूलाई अनुरोध गर्नुभयो । रास्वपा सांसद गणेश पराजुलीले देशको समृद्धिको यात्रामा प्रवासी नेपालीको सीप र ज्ञानसहितको हुटहुटीलाई समावेश गराउन प्रयत्न रहने बताउनुभयो । राजनीतिक नेतृत्वले युवाहरूलाई बिदेसिन बाध्य पार्ने र वृद्ध र बालकमाथि दूषित राजनीतिक गरिरहेकालाई उन्मुलन गर्न बिदेसिएका युवालाई नागरिकताबाट वञ्चित गरिएको भन्दै अब मतदान रोक्न नहुने पराजुलीले बताउनुभयो । अबको चुनावमा एनआरएनले मतदान गर्न पाउने सुनिश्चितता गर्नुपर्ने उहाँको भनाइ थियो । गैरआवासीय नागरिकतामा देखिएका समस्या हल गर्न रास्वपाले पहल गर्ने पराजुलीले बताउनुभयो । ब्रिटिस गोर्खा नेपालीलाई राज्यले विशेष हिसाबले सम्बोधन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

रास्वपाकै मनिष झा नेपालको राजनीतिक अभ्यास र राजनीतिज्ञलाई मात्र दोष दिएर मात्रै संघले उन्मुक्ति नपाउने बताउनुभयो । निर्वाचनअगाडि नेताहरूको घर धाएर नेपाली प्रवृत्तिलाई एनआरएनहरूले नै प्रश्रय दिएको उहाँको भनाइ थियो । प्रशासनिक पुनर्संरचना नहुँदा राजनीतिक वा संवैधानिक रूपमा बनाइएको निर्णय पालना नहुने गरेको भन्दै गैरआवासीय नागरिकतामा पनि त्यो प्रतिविम्ब भएको झाको भनाइ थियो ।
एनआरएनए कुनै पार्टीको नभई सबैको साझा भएको उल्लेख गर्दै झाले भन्नुभयो, 'सरकारले लोकतन्त्र मान्छ भने यो कार्यसमितिलाई मान्यता दिनुपर्छ, वैधानिकता दिनुपर्छ ।'

माओवादी केन्द्रका सांसद माधव सापकोटाले विभिन्न आरोह अवरोध पार गर्दै संविधान र कानुनी रूपमा व्यवस्था गरिएको गैरआवासीय नागरिकतामा देखिएका प्रशासनिक गाँठा फुकाउने कुरामा प्रधानमन्त्रीलाई रिपोर्टिङ गर्ने बताउनुभयो । सापकोटाले प्रवासी नेपालीलाई मतदानको अधिकार दिन कुनै समस्या नभएको पनि दोहोर्याउनुभयो ।

'तपाईंहरूलाई मताधिकार दिँदा साइज घट्छ भनेर डराएको छैन । ०६४ मा माओवादी ठूलो थियो । अहिले तेस्रो छ । रास्वपाका साथीहरूलाई पनि भन्छु प्रियतवाद धेरै टिक्दैन । धेरै प्रियतावादी कुरा गरेर लोकप्रियतामा दिगो होइन,' उहाँले भन्नुभयो ।

एनआरएनको महाधिवेशन नतिजा विवादमा सांसद सापकोटाले कामबाटै जवाफ दिन सुझाव दिनुभयो । 'एउटा पक्षले बहिष्कार गरेपछि प्रधानमन्त्री उपस्थित नहुनु ठिक भन्ने भएको हो । यसलाई अन्यथा लिनुहुँदैन । नवीकरणको सवालमा कतिपय ढंग पुगेको छैन, मिलाउनुपर्छ । अदालत पुगेकाले यसमा धेरै बहस नगरौं । विगतभन्दा अलग भएर राम्रो काम गरेर महाधिवेशनका विवाद चिर्नुस् । नभए पराजित साथीहरूलाई गाली गरेर नजानुस् । बाहिर रहेका साथीलाई पनि समेटेर एकताबद्ध गरेर अगाडि बढ्नुस्,' सापकोटाले भन्नुभयो ।

राप्रपा सांसद ध्रुवबहादुर प्रधानले लोकतान्त्रिक निर्वाचनबाट आएको परिणामलाई नकार्नु उपयुक्त नभएको बताउनुभयो । प्रजातान्त्रिक अभ्यासलाई प्रधानमन्त्रीले सम्मान गरेर जानुपर्ने, शंकाको घेरामा राख्न नहुने उहाँको भनाइ थियो । गैरआवासीय नागरिकताको सम्बन्धमा आफू मन्त्री हुँदा सरलीकृतको प्रयास गरेको तर टुंगिन नपाउँदै पदबाट बाहिरिनुपरेको उहाँले सुनाउनुभयो । सरकारले सहजीकरण गर्नुपर्नेमा प्रधानले जोड दिनुभयो । वैदेशिक सहायताका साथै प्रवासी नेपालीहरूलाई लगानी सुनिश्चित हुने चिन्ता रहेको भन्दै विश्वसनीयतामा उठेको प्रश्नलाई सरलीकृत गर्न जरूरी रहेको उहाँको भनाइ थियो ।

संघका अध्यक्ष डा. बद्री केसीले विदेशमा रहेका नेपालीलाई मत हाल्न पाउने अधिकार दिन माग गर्नुभयो । 'नेपाली नागरिकता बोकेका ५० देखि ६० लाखसम्म नेपाली विदेशमा छन् । सर्वोच्च अदालतले आदेश पनि दिइसकेको छ, राजनीतिक नेतृत्वले विदेशमा रहेका नेपालीले मत हाल्न पाउने अधिकार सुनिश्चित गर्नुपर्छ,' उहाँले भन्नुभयो ।

अध्यक्ष केसीले देशको ३३ प्रतिशत जीडिपी वैदेशिक रोजगारीबाट योगदान रहेको उल्लेख गर्दै एनआरएन नागरिकताको प्राप्ति र अधिकारमा मान्यतालाई सरलीकृत गर्न पनि नेताहरूलाई अनुरोध गर्नुभयो । '८० लाख नेपाली विदेशमा छन् । नेपालको राजनीतिक परिवर्तनमा एनआरएनले

सहयोग गरेको छ । नेपालमा पहिलो पटक गैरआवासीय नेपाली संघको सम्मेलन हुँदा सत्तामा रहेको राजा शासन र आन्दोलनमा रहेका शक्तिलाई पनि सहयोग गरेका थियौं,' उहाँले भन्नुभयो । गैरआवासीय नेपाली संघले नेपालमा एक अर्बभन्दा बढी संस्थागत च्यारिटी गरेको उहाँले जानकारी गराउनुभयो । 'नेपालमा एक खर्बभन्दा बढी लगानी गरेका छौं । विदेशमा नेपालीहरूले मासिक ८० खर्ब रूपैयाँ कमाइरहेका छन् । त्यसको १०/२० प्रतिशत मात्रै नेपालमा लगानी गर्न सके देशको समृद्धि यात्रामा सहयोग पुग्ने थियो,' उहाँले थप्नुभयो ।

अध्यक्ष केसीले सम्पूर्ण प्रक्रिया पूरा गरेर वैधानिक रूपमा सम्पन्न भएको महाधिवेशनबाट नयाँ कार्यसमिति चयन भए पनि नेपाल सरकारले समानान्तर गतिविधिलाई प्रोत्साहित गरेकोमा असन्तुष्टि जनाउनुभयो । यसमा दलका नेताहरु र सदन नबोलेकोमा उनले दुःख व्यक्त गर्नुभयो । 'अघिल्लो पटक समयमा चुनाव हुन नदिन परराष्ट्र मन्त्रालयले हस्तक्षेप गर्‍यो । हामी अदालत जान बाध्य भयौं । अदालतले गलत छ भनिसकेपछि एउटा व्यक्ति जिताउन चुनाव हुन नसक्ने प्रयत्न भइरह्यो । त्यसपछि संस्था फुट्न नदिन कम्प्रमाइज गर्यौं । तीन जना अध्यक्ष भयौं । त्यसपछि ५९ देशबाट प्रतिनिधि चुन्यौं । अनलाइन भोटिङका लागि भेरो कम्पनी छान्यौं । अस्ट्रेलियाको संसद्को मतदान गराउने कम्पनी हो । संसारका धेरै देशमा चुनाव गर्दा केही समस्या थिएन । तीनै जना उम्मेदवार मिलेर चुनावमा गयौं । चुनावमा मतदान भयो । तर नतिजा आएपछि उपाध्यक्षको त्रुटि देखियो । त्यसलाई आधा घण्टामै भेरोले क्लियर गर्‍यो । तर यसैलाई निहुँ बनाएर प्रधानमन्त्री र परराष्ट्रमन्त्रीलाई गलत भ्रममा पारियो । सडकबाट समानान्तर कमिटी घोषणा गर्ने, प्रधानमन्त्री र परराष्ट्र मन्त्रीसँग फोटो खिचाएर प्रचार गर्ने, विभाजनको बिउ रोप्ने काम भयो । यसै आधारमा संस्था नवीकरणमा पनि परराष्ट्रले सहयोग गरेन । अहिले नवीकरणका लागि फेरि अदालत जानुपर्‍यो । यो विषयमा दलहरूले पनि अग्रसरता लिनुपर्छ । यो विषयमा किन दलहरु बोलेनन्, संसदमा किन उठेन म, दलका नेताहरूलाई सोध्न चाहन्छु,' उहाँले भन्नुभयो । संघका महासचिव गौरीराज जोशीले नागरिकता निरन्तरता नै संघको अभियान रहेको बताउनुभयो । 'गैरआवासीय नागरिकता पाउने मात्रै ठूलो कुरा होइन । प्रशासनिक झन्झट भोगिरहेका छौं । नागरिकता पाइरहे पनि सम्पत्तिको अधिकार, मालपोतमा, अध्यागमनमा मान्यता पाएको अवस्था छैन । यसमा नेतृत्वको ध्यान जाओस्,' उहाँले भन्नुभयो ।

प्रवासी नेपालीले लगानी गर्न पनि प्रक्रिया झन्झटिलो रहेको उनले नेताहरूलाई सुनाउनुभयो । 'प्रवासी नेपालीहरु सीप र पुँजी लिएर आउन चाहे पनि राज्यका नीतिका कारण र बैंकिङ समस्याहरु झेल्नुपरेको छ,' उहाँले भन्नुभयो । पूर्वगोर्खा तथा एनआरएनएका पूर्व उपाध्यक्ष क्याप्टेन हितमान गुरूङले बेलायतका ब्रिटिस गोर्खाको नागरिकताको गाँठो फुकाउन अनुरोध गर्नुभयो । ब्रिटिस गोर्खा नेपाली नै भएकाले नेपाली नागरिकताको निरन्तरता हुनुपर्ने उहाँको भनाइ थियो । 'ब्रिटिस गोर्खा कसरी दोहोरो नागरिकता हुन्छ । अहिले गैरआवासीय नागरिकतामै समेट्न खोज्दा समस्या भयो । ब्रिटिस गोर्खाको ठूलो समूह छैन । हामी नेपालमा आएर लगानी गर्ने हो । एनआरएन नभएको भए म त्यतै हुन्थैं । उहाँहरूलाई आउने वातावरण बनाउनुपर्छ । त्यो एनआरएनएले गर्छ । एनआरएनएका सन्तानहरु आउने वातावरण बनाउनुपर्‍यो । देशको लागि घातक छैन । गोर्खालाई भिन्नै तरिकाले हेरिदिनुहोला,' उहाँले भन्नुभयो ।

पीएनओ नेपलिज अर्गनाइगेसनका संयोजक कुमार कार्कीले विदेशमा नेपालका नेपाली हुँ भन्ने नेपालीहरूलाई नेपालमा जोड्नुपर्ने बताउनुभयो । 'नेपालको समृद्धिमा जोडिन चाहन्छन् । उहाँहरूलाई पनि एनआरएनएको नागरिकता मिलोस् । यसलाई अगाडि बढाइदिन अनुरोध छ,' उहाँले भन्नुभयो । उपाध्यक्ष डा. हेमराज शर्मा विदेशमा ७० लाख नेपाली रहेको भन्दै ०८४ को चुनावमा मतदान गर्न पाउने सुनिश्चित गर्न दलहरूलाई अनुरोध गर्नुभयो । ४७ लाख श्रम स्वीकृत लिएर गएको र अन्य विद्यार्थी भिसा तथा अवसरको खोजीमा गएको भन्दै राज्यबाट कहिले गैरआवासीय नागरिकता पाइन्छ भनेर नागरिकता नत्यागी बसेको बताउनुभयो ।
१ करोड ८० लाख मतदातामध्ये भारतबाहेक ३० प्रतिशत बाहिर रहेको भन्दै शर्माले सर्वोच्चको आदेश अनुसार निर्वाचन आयोगले कानुन मस्यौदा गरेर गृहमा बुझाएको र कानुनी पाटो व्यवस्थापन भइरहेको बताउनुभयो । 'अब प्राविधिक पाटो कसरी व्यवस्थापन गर्न सकिन्छ । खाडी मुलुकमा समस्या छ, त्यहाँ एकै पटक भेला गर्न सकिँदैन । कसरी व्यवस्थापन गर्न सकिन्छ ?' उहाँले प्रश्न गर्नुभयो ।

कानुनमा अनलाइन भोटिङको प्रस्ताव गरिएको भन्दै शर्माले अनलाइन पद्धति नै प्रभावकारी हुने बताउनुभयो । 'अमेरिका र अस्ट्रेलियाले विगत १० वर्षदेखि चुनावमा अनलाइन भोटिङ गरिरहेका छन् । यस पटक संघको चुनावमै हामीले अनलाइन भोटिङमार्फत प्रविधि प्रयोगको सुनिश्चित गरेका छौं । आयोगले हाम्रो अनुभवप्रति चासो राखेको छ । अनलाइन प्रणाली सम्भव छ,' उहाँले भन्नुभयो । अनलाइन मतदानको कुरा आउँदा अन्य देशले धेरै पहिलेदेखि एनआरएनएलाई हुलाकबाट मतदानको सुविधा दिइरहेको भन्दै उहाँले थप्नुभयो, 'मतदाता नामावली दूतावासबाट प्रस्ताव भएर आउने भनिएको छ । यो कति सम्भव छ । दूतावास नभएको ठाउँमा कसरी गर्ने ?'

प्रवासी नेपालीलाई मतदानको अधिकार दिने सम्बन्धमा दलहरूको मन चिसो पसेको आफूहरूले महसुस गरेको भन्दै शर्माले भन्नुभयो, '३० प्रतिशत बालिग मताधिकार बाहिर छ । उनीहरूले नतिजा उथलपुथल बनाइदिन्छन् । उनीहरूकै कारण बालेनदेखि स्वतन्त्र र मधेशी दलसम्म उदाए भन्ने बुझाइ छ । अथवा एनआरएनएको नाममा पार्टी नै खोल्दिने हो भने भ्रम छ । हाम्रो संघकै विवाद देखाएर नगर्ने माहौल बनाउन खोजिएको छ । संसदीय समितिकै बैठकमा केही माननीयले एनआरएनएकै चुनावमा गडबड भयो भनेर पनि गर्नुहुन्न जस्तो भन्नुभएको छ । तर ठूला दलहरु डराउनुपर्दैन । बाहिर बसेका युवाहरु पढेका बुझेका छन् । केही पार्टीले हार्नुहुन्छ होला, तर देशले जित्छ ।'

डा. शर्माले मतदानका लागि साधन स्रोतको अभाव हुँदा संघबाट युवाहरु भोलेन्टियर खटाउन तयार रहेको पनि बताउनुभयो । २०३६ को जनमतसंग्रहमै एनआरएनलाई मतदान गराएको उदाहरण दिँदै ०८४ को निर्वाचनमा मतदानको अधिकार दिन उहाँले आग्रह गर्नुभयो । भारतीय मूलका धेरै मानिस बेलायत र अन्य देशको राष्ट्रप्रमुख भएको भन्दै अबको दुई तीन पुस्ता अमेरिकाको राष्ट्रपति बन्न सक्ने हिसाबले राज्यले गैरआवासीय नेपालीलाई प्राथमिकता दिनुपर्ने शर्माले जोड दिनुभयो । संस्थापक महासचिव भीम उदासले एनआरएनएको भावनाअनुसार एकतामा जोड दिनुभयो ।


NRNA FACE TO FACE ICC MEETING
21-22 JAN, 2024
CHANDRAGIRI HILLS RESORT






NRNA FACE TO FACE ICC MEETING
21-22 JAN, 2024
CHANDRAGIRI HILLS RESORT


NRNA FACE TO FACE ICC MEETING
21-22 JAN, 2024
CHANDRAGIRI HILLS RESORT


NRNA FACE TO FACE ICC MEETING
21-22 JAN, 2024
CHANDRAGIRI HILLS RESORT


NRNA FACE TO FACE ICC MEETING
21-22 JAN, 2024
CHANDRAGIRI HILLS RESORT






NRNA FACE TO FACE ICC MEETING
21-22 JAN, 2024
CHANDRAGIRI HILLS RESORT






NRNA FACE TO FACE ICC MEETING





# गैरआवासीय नेपाली संघ, अन्तर्राष्ट्रिय समन्वय परिषद्का गतिविधिका सारांश
## (अक्टोबर, २०२३ - फेब्रुवरी ०२४)

१. २१ अक्टोबर २०२३ मा यस कार्यकालको पहिलो अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयको बैठक तथा ९२औं अन्तर्राष्ट्रिय समन्वय परिषद्को बैठकमा संघका भावी योजनाका साथै सरोकारका विषयमा निर्णय गरी सम्पन्न ।

२. २१ अक्टोबर २०२३ मा संघका अध्यक्ष डा बद्री केसीको अध्यक्षताको एक प्रतिनिधि मण्डलले राष्ट्रिय सभाका अध्यक्ष सम्माननीय गणेशप्रसाद तिमिल्सिनासँग भेटघाट । मुख्यतया: विश्व सम्मेलन तथा महाधिवेशनबारे छलफल ।

३. २८ अक्टोबर २०२३ मा संघका अध्यक्ष डा बद्री केसीको अध्यक्षताको एक प्रतिनिधि मण्डलले परराष्ट्र मन्त्री माननीय एनपी साउदसँग भेटघाट । विश्व सम्मेलन तथा महाधिवेशनबारे छलफल ।

४. ३१ अक्टोबर २०२३ मा कार्यकालको पहिलो पदाधिकारी बैठक सम्पन्न । ९३औं आईसीसीको बैठकको एजेण्डाबारे छलफल ।

५. ४ नोभेम्बर २०२३ मा जाजरकोट, रूकुम पश्चिमलगायत सुदूरपश्चिमका क्षेत्रमा गएको भूकम्पबाट निधन भएकाप्रति श्रद्धाञ्जली व्यक्त ।

६. ४ नोभेम्बर २०२३ का दिन आईसीसीको आकस्मिक बैठक सम्पन्न । जाजरकोट, रूकुम पश्चिमलगायत सुदूरपश्चिमका भूकम्प प्रभावित क्षेत्रमा सहयोग गर्नेबारे छलफल । प्रभावित परिवारहरूलाई सहयोग गर्नको लागि रू १ करोड १० लाखको राहत कोष निर्माण ।

७. ६ र ७ नोभेम्बर २०२३ मा भूकम्पबाट प्रभावित क्षेत्र जाजरकोट र रूकुम पश्चिममा संघद्वारा राहत वितरण कार्य सम्पन्न ।

८. ८ नोभेम्बर २०२३ मा संघको स्वास्थ्य समितिले जाजरकोट र रूकुम पश्चिममा गएको भूकम्पबाट प्रभावित भएकाहरूमा देखिएका स्वास्थ्यसम्बन्धी समस्याबारे छलफल ।

९. ९ नोभेम्बरका २०२३ मा जाजरकोट र रूकुम पश्चिमका भूकम्पपीडितको राहतसम्बन्धी विषयमा एसिया प्रशान्तको अनलाइन बैठक सम्पन्न ।

१०. १० नोभेम्बरका २०२३ मा जाजरकोट र रूकुम पश्चिमका भूकम्पपीडितको राहतसम्बन्धी विषयमा युरोपको अनलाइन बैठक सम्पन्न ।

११. १२ नोभेम्बर २०२३ मा गैरआवासीय नेपाली संघद्वारा जाजरकोट जिल्लाको भूकम्प प्रभावित क्षेत्र जाजरकोटको रिम्नामा स्वास्थ्य शिविर सम्पन्न । शिविरमा २०० भन्दा बढी व्यक्ति सहभागी ।

१२. १३ नोभेम्बर २०२३ मा ९३औं अन्तर्राष्ट्रिय समन्वय परिषद्को बैठकमा विभिन्न सरोकारका विषयमा निर्णय भई सम्पन्न । शपथ नलिएका पदाधिकारी तथा सदस्यहरूको शपथग्रहण कार्यक्रम सम्पन्न ।

१३. २५ नोभेम्बर २०२३ मा संघद्वारा विभाग, समिति, कार्यदलको टिओआर, सदस्य चयन प्रक्रिया तथा अन्य सरोकारको विषय सम्बन्धमा अभिमुखीकरण कार्यक्रम सम्पन्न ।

१४. २६ नोभेम्बर २०२३ मा ९४औं आईसीसी बैठक सम्पन्न । मुख्यतया: विभाग, समिति, कार्यदलको गठन, भूकम्पपीडितको राहत कोष, शपथग्रहणलगायत सरोकारका विषयमा छलफल भई निर्णय ।

१५. २७ नोभेम्बर २०२३ मा छैठौं सामाजिक सुरक्षा कोष दिवस कार्यक्रममा संघका प्रतिनिधिहरूको सहभागिता ।

१६. २८ नोभेम्बर २०२३ मा संघद्वारा एक पत्रकार सम्मेलनको आयोजना । निर्वाचनपश्चात् देखिएका समस्या तथा संघका गतिविधिबारे जानकारी । सम्मेलनमा संघका अध्यक्षलगायतका पदाधिकारीहरूको सहभागिता ।

१७. ३ डिसेम्बर २०२३ का दिन संघले आफ्ना विविध गतिविधिहरूमा प्रकाश पार्ने उद्देश्यले पोडकाष्टको सुरूवात । संघ हालै सम्पन्न भएको महाधिवेशनको शीर्षकबाट पोडकाष्टको सुरूवात भएको छ । कार्यक्रममा हरेक हप्ता विविध विषयमा छलफल चलाइने छ ।

१८. ४ डिसेम्बर २०२३ मा गैरआवासीय नेपाली संघद्वारा पोर्चुगलमा निधन हुनुभएका धनबहादुर क्षेत्रीको परिवारलाई रू. २ लाखको चेक हस्तान्तरण ।

१९. ५ डिसेम्बर २०२३ मा गैरआवासीय नेपाली संघको महिला विभागद्वारा, युएईमा निधन हुनुभएका सरिता पहरीका श्रीमान् अखिलकुमार पहरीलाई सहयोग स्वरूप रू. ९० हजारको चेक हस्तान्तरण ।

२०. ६ डिसेम्बर २०२३ मा नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठानद्वारा गैरआवासीय नेपाली विज्ञान तथा प्रविधि पुरस्कार यस संघका पूर्वआईसीसी सदस्य तथा नेपाल साइन्स फाउण्डेशनका सभापति डा. राजु अधिकारीलाई प्रदान । उक्त पुरस्कार वितरण समारोहमा प्रमुख कार्यकारी अधिकृत राजेन्द्रकुमार राउतको सहभागिता ।

२१. १६ डिसेम्बर २०२३ मा आईसीसीका पदाधिकारी तथा सदस्यहरु र युरोप क्षेत्रका एनसीसीबीच अन्तर्क्रिया कार्यक्रम सम्पन्न । मुख्यतयाः युरोप क्षेत्रभित्र रहेका एनसीसीको आईसीसीसँग सम्बन्धका साथै युरोप क्षेत्रभित्र रहेका एनसीसीको कार्ययोजना तथा गतिविधिबारे छलफल ।

२२. १७ डिसेम्बर २०२३ मा संघको दोस्रो अन्तर्राष्ट्रिय कार्यकारी सचिवालय तथा पदाधिकारी बैठक सम्पन्न । बैठकद्वारा विधान अनुरूप २१ जना आईसीसी सदस्य र २१ जना सल्लाहकार समिति, अनुशासन समिति, विधान समितिको संयोजक, अनुशासन समिति तथा ३ सदस्यीय विधान व्याख्या समिति गठन ।

२३. २८ डिसेम्बर २०२३ मा कार्यालय पदाधिकारीको अनौपचारिक बैठक सम्पन्न । महिला सम्मेलन, विभाग, समिति कार्यदललगायतका विषयमा छलफल ।

२४. २८ डिसेम्बर २०२३ मा संघको महिला फोरमको बैठक सम्पन्न । मुख्यतयाः महिलाका गतिविधि तथा जुनमा आयोजना गरिने महिला सम्मेलनबारे छलफल भई निर्णय ।

२५. ७ जनवरी २०२४ मा संघको आयोजनामा अंग्रेजी नयाँ वर्ष २०२४ को शुभ अवसरमा **NRNA Global Diaspora Connect–2024** शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न । कार्यक्रममा संघका अध्यक्षज्यू, पदाधिकारीज्यूहरु, एनसीसीका पदाधिकारीज्यू तथा अभियन्ता र अग्रजरूको सहभागिता ।

२६. ९ जनवरी २०२४ मा संघको महिला विभागको सक्रियतामा भूकम्प प्रभावित पश्चिम नेपालका महिला बालबालिकाका लागि सहयोग जुटाउन लण्डनमा एक गजल साँझ सम्पन्न ।

२७. १३ जनवरी २०२४ मा प्रधानमन्त्री क्रिकेट प्रतियोगिताको उद्घाटन कार्यक्रममा संघका तर्फबाट प्रमुख कार्यकारी अधिकृतको सहभागिता ।

२८. १४ जनवरी २०२४ मा काठमाडौंमा आउनुभएका संघका पदाधिकारीहरूको प्रत्यक्ष बैठकको तयारी सम्बन्धमा छलफल ।

२९. १७ जनवरी २०२४ मा गैरआवासीय नेपाली संघको परोपकारी योजना अन्तर्गत कोशी प्रदेशको धरानमा मोबाइल ब्लड बस नेपाल रेडक्रसलाई हस्तान्तरण ।

३०. १८ जनवरी २०२४ मा गैरआवासीय नेपाली संघको परोपकारी योजना अन्तर्गत मधेश प्रदेशको जनकपुरमा मोबाइल ब्लड बस नेपाल रेडक्रसलाई हस्तान्तरण ।

३१. २० जनवरी २०२४ मा संघद्वारा कंगोमा निधन हुनुभएका सुरेश सिल्लाको परिवारलाई आर्थिक सहयोग हस्तान्तरण ।

३२. २० जनवरी २०२४ मा संघद्वारा टि–२० विश्वकप क्रिकेटमा छनौट भएकोमा नेपाल क्रिकेट संघलाई सहयोग रकम हस्तान्तरण ।

३३. २० जनवरीदेखि २२ जनवरी २०२४ सम्म गैरआवासीय नेपाली संघको ९५औं अन्तर्राष्ट्रिय समन्वय परिषद्को प्रत्यक्ष बैठक चन्द्रागिरि रिसोर्टमा सम्पन्न । उक्त बैठक अन्तर्गत भएका कार्यक्रम जुम प्रविधिमार्फत पनि आयोजना गरिएको थियो ।

३४. २३ जनवरी २०२४ का दिन संघद्वारा ३४औं राष्ट्रिय भलिबल प्रतियोगितामा पहिलो, दोस्रो र तेस्रो भएका नेपाल पुलिस क्लब, सशस्त्र प्रहरी बल र गण्डकी प्रदेश भलिबल संघलाई नगद पुरस्कार प्रदान गरी सम्मान ।

३६. २६ जनवरी २०२४ मा संघद्वारा लुम्बिनी प्रदेश अन्तर्गत नेपालगन्ज रेडक्रस सोसाइटीलाई ब्लड बस हस्तान्तरण कार्य सम्पन्न ।

३७. २७ जनवरी २०२४ मा संघद्वारा रेडहर्स फुटबल क्लबले आयोजना गरेको पहिलो एनआरएनए इलाम गोल्डकप प्रतियोगिताका लागि सहयोग रकम हस्तान्तरण गर्ने कार्य सम्पन्न ।

३८. ३० जनवरी २०२४ मा सुदूरपश्चिमका आर्थिक मामिला मन्त्री नरेशकुमार शाही र संघका अध्यक्ष डा. बद्री केसीबीच सचिवालयमा भेटवार्ता सम्पन्न । सुदूरपश्चिम क्षेत्रमा गैरआवासीय नेपालीले लगानीलाई कसरी प्रवर्द्धन गर्ने भन्नेबारेमा छलफल ।

३९. ३१ जनवरी २०२४ मा संघका अध्यक्ष डा बद्री केसीको नेतृत्वको एक टोलीको महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री माननीय मन्त्री सुरेन्द्रराज आचार्यसँग भेटघाट । आगामी जुन महिनामा आयोजना गरिने विश्व महिला सम्मेलन, सडक बालबालिका परियोजनालगायतका विषयमा छलफल ।

४०. ३१ जनवरी २०२४ मा संघको सचिवालयमा संघका अध्यक्ष डा बद्री केसी र कोशी प्रदेश लगानी प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत डा सरोज कोइरालाबीच भेटघाट । मुख्यतयाः कोशी प्रदेशमा अन्तर्राष्ट्रिय चिया सम्मेलनबारे छलफल ।

४१. ३१ जनवरी २०२४ मा संघका अध्यक्ष डा बद्री केसी र हेल्भिटासका प्रतिनिधिबीच भेटघाट । मुख्यतयाः वैदेशिक रोजगारका विषयमा छलफल ।

४२. १ फेब्रुवरी २०२४ मा गैरआवासीय नेपाली संघका अध्यक्ष डा बद्र केसीको नेतृत्वको एक प्रतिनिधि मण्डलको माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीसँग भेटघाट । वैदेशिक रोजगार तथा सामाजिक सुरक्षा कोषका विषयमा छलफल ।

४३. १ फेब्रुवरी २०२४ मा संघका अध्यक्ष डा बद्री केसीको नेतृत्वको एक प्रतिनिधि मण्डलको नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र ढकालसँग भेटघाट । गैरआवासीय नेपालीको लगानी तथा रोजगार सिर्जना कार्यक्रम तथा परियोजनाबारे छलफल ।

४४. १ फेब्रुवरी २०२४ मा संघका महिला उपाध्यक्ष र महिला सचिवको महिला आयोगका प्रतिनिधिसँग भेटवार्ता सम्पन्न । मुख्यतयाः महिला सम्मेलनबारे छलफल ।

४५. ३ फेब्रुवरी २०२४ मा संघको तेस्रो अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयको बैठक सम्पन्न । मुख्यतयाः सरोकारका विषयमा छलफल ।

४६. ५ फेब्रुवरी २०२४ मा लुम्बिनीको प्रचारप्रसार र पर्यटन प्रवर्द्धनका लागि गैरआवासीय नेपाली संघ, लुम्बिनी सांस्कृतिक नगरपालिका, कपिलवस्तु नगरपालिका, देवदह नगरपालिका र रामग्राम नगरपालिकाबीच समन्वय बैठक सम्पन्न ।

४७. ८ फेब्रुवरी २०२४ मा संघको सहयोगमा सिन्धुपाल्चोक जिल्लाको बलेफी गाउँपालिका ७ खाडीचौरमा रहेको श्री बालशिक्षा माध्यमिक विद्यालयमा छात्र-छात्रालाई म्याट्रेस हस्तान्तरण कार्य सम्पन्न ।

४८. ९ फेब्रुवरी २०२४ मा संघका अध्यक्षलगायतका पदाधिकारी र युएन वुमनका प्रतिनिधिबीच सचिवालयमा भेटवार्ता । संघले आयोजना गर्न लागेको महिला विश्व सम्मेलनबारे छलफल ।

४९. ९ फेब्रुवरी २०२४ मा संघका अध्यक्षलगायतका पदाधिकारी र युसेफका प्रतिनिधिबीच सचिवालयमा भेटवार्ता । संघको सहयोगमा सञ्चालन भइरहेको सडक बालबालिकासम्बन्धी परियोजनाबारे छलफल ।

५०. ९ फेब्रुवरी २०२४ का दिन संघका अध्यक्ष लगायतका पदाधिकारीहरु र पुर्वमन्त्री तथा नेकपा एमालेका पर्यटन तथा नागरिक उड्डयन विभागका प्रमुख भीम आचर्यसंग सचिवालयमा भेटवार्ता । मुख्यतया नेपाल पर्यटन प्रबर्द्धन बारे छलफल ।



पहिलो गैरआवासीय नेपाली नागरिकता प्रधानमन्त्रीज्युको हातबाट लिदै



जाजरकोटमा राहत बितरण गर्दै



नेपालगञ्जमा मोबाईल बस हस्तान्तरण




सफल पोखरा म्याराथनमा सहभागी हुदै



श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा श्रम नीति सम्बन्धि बैठक



कोशी प्रदेशमा मोबाईल बस हस्तान्तरण




सिधुपाल्चोक श्री बाल शिक्षा विधालयमा विद्यार्थीहरूलाई म्याट्रेस वितरण



माननीय श्रम मन्त्री सरद सिंह भण्डारीज्यूसंग संघका अध्यक्ष डा. बद्री केसीज्यूले एनआरएनएको श्रमिक कल्याणका कार्यक्रम तथा परियोजना बारे जानकारी दिन भेटघाट।




कंगोमा ज्यान गुमाएका डोटीका सुरेश सिल्लाको परिवारलाई २६ लाख सहयोग हस्तान्तरण




एनआरएनए आईसीसी सदस्यले लिए पद तथा गोपनीयताको शपथ लिदैं



सुदूरपश्चिमका आर्थिक मामिला मन्त्री एनआरएनए मुख्यालयमा, लगानीबारे छलफल



सेती प्रादेशिक अस्पताललाई अक्सिजन प्लान्ट हस्तान्तरण कार्यक्रम



महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रीसँग भेटघाट




'एनआरएनए इलाम गोल्डकप'को उपाधी वितरण




मधेश प्रदेशमा मोबाईल बस हस्तान्तरण

## Important Links

- चन्द्रागिरी बैठकको निर्णय पूर्णपाठ
- त्रैमासिक आर्थिक प्रतिवेदन
- विभागिय गतिविधिहरु

  प्रथम एनआरएन कल्याण विभाग प्रतिवेदन प्रथम त्रैमासिक
- अध्यक्ष डा बद्री केसीको त्रैमासिक प्रतिवेदन समेत
- विभाग, समिति तथा कार्यदलको सूची

गैरआवासीय नेपाली संघ
बालुवाटार काठमाडौं
फोन : ९७७-०१ ४५२६००५/०१ ४५११५३०
Email : info@nrna.org
Website : nrna.org
@NRNAofficial